नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०६७ आषाढ पूर्णिमा/- वर्ष ३८ अंक ३
बु.सं. २५५४ ने.सं. ११३०

The Ananda Bhoomi (Year 38, Vol. 3)
A Buddhist Monthly :July/August 2010

*प्रमुख सल्लाहकार:*
भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ. कु. वि.)
भिक्षु मैत्री महास्थविर (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकार:*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
भिक्षु सरणंकर
आनन्द कुटी विहार, ४२७१४२०

*वितरण तथा अर्थ*
भिक्षु पियदस्सी, भिक्षु नारद

*लेखा व्यवस्थापन:*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*आवरण*
कवि मानन्धर

*सम्पादक/प्रकाशन संयोजक:*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरू:*
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), ।

*मुद्रण:*
डट्स प्रिन्टिङ्ग हाउस, प्रयागपोखरी, ललितपुर, फोनः २१२०२३५

*प्रकाशक:*
आनन्दकुटी विहार
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**निधीनं व पवत्तारं-यं पस्से वज्जदस्सिनं ।**
**निग्गय्हवादिं मेधाविं-तादिसं पण्डितं भजे ।**
**तादिसं भजमानस्स-सेय्यो होति न पापियो ।।**

*अर्थात् : आफ्नो दोष देखाइ दिनेलाई गाढीराखेको धन देखाइदिने कल्याणमित्रको रुपमा हेर्नुपर्दछ, पण्डित (बुद्धिमान) हरुले आफूलाई गाली गरी गरी ज्ञान दिनेसँग सत्संगत गर्दछ, त्यस्तासँग सत्संगत गर्ने व्यक्तिको अभिवृद्धि सिवाय हानी हुँदैन ।*

थःगु दोष क्यना बीम्हसित, गारेयाना तःगु धन क्यना ब्यूम्ह कल्याणमित्र धका भाःपीमा, पण्डितपिसं थःत न्वाना न्वाना स्यनेकने याइम्हनापं सत्संगत याई, अजाःपिंनापं सत्संगत याःम्हसित अभिवृद्धि हे जुइसिवाय हानी जुइमखु ।

If you see a man who shows you what is to be aboided, who administers reproofs, and is intelligent, follow that wise man as you would one who reveals hidden treasures; it will be better, not worse, for him who follows him.

**- धम्मपद, ७६**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@ntc.net.np

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# सम्पादकीय

## सन्दर्भ भिक्षु कुमार काश्यप महास्थविर

बुद्ध-भूमि नेपालमा स्थविरवाद बुद्धशासनको पुनर्जागरण कालको इतिहास आज नेपाली जनमानसका अलावा बौद्ध-जगतसामू नै आफ्नो प्रभाव संचार गर्दै बामे सरिरहेको छ । नेपालमा राणाशासनको अन्त्यतासँगै प्रजातन्त्रको गोधुली अवस्थामा फल्न-फुल्न उर्वराभूमिमा पाइला टेक्दै अगाडि बढ्ने क्रममा बुद्धधर्म, बौद्ध-दर्शन र सभ्यता एवं भाषा-साहित्यलाई समेट्ने अभिप्रायले जुन तवरले सुनौलो अध्याय थप्न अगाडि बढेका थिए, आज ती संघर्षका दिनहरू इतिहासमा परिणत हुँदैछ । नेपालमा पुनर्जागरित स्थविरवाद बुद्धशासनको सवालमा दिवंगत श्रद्धेय भिक्षुहरू महाप्रज्ञा, प्रज्ञानन्द, धर्मालोक तथा अमृतानन्द जस्ताको व्यक्तित्व, कृतित्व एवं योगदान अग्रपंक्तिमै रहिरहने कुरालाई स्मरण गर्नै पर्छ । पहिलो पुस्ताका अग्रगण्य व्यक्तित्ववान भिक्षुहरूको अथक प्रयासपश्चात् त्यसताका नेपाली बौद्धहरूका बीच प्रव्रजित भिक्षु/श्रामणेर भई बुद्धशासनमा समर्पित बनी अगाडि बढ्ने जुन साहसिक कदमहरू देखिए, त्यसले पुनर्जागरण इतिहासलाई उर्जा थप्दै जाने कार्य गरेको थियो भन्दा कसैलाई अपाच्य हुनुपर्ने छैन ।

स्थविरवाद बुद्धशासनमा दोश्रो पुस्ताको अभिभार वहन गर्ने सशक्त व्यक्तित्ववान भिक्षुहरू मध्ये श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविरको व्यक्तित्व, कृतित्व तथा योगदान आज आफैमा यौटा कथा बनेको छ, स्वयं जीवित इतिहास बनेको छ । उहाँले सानो उमेरमै गृहस्थ जीवन त्यागेर बुद्धशासनिक क्षेत्रमा प्रव्रजित भई जीवन व्यतित गर्नुभएको घडीलाई फर्केर हेर्दा ७ दशकको बसन्त पार भैसकेको छ । जतिबेला प्रकाशन स्वतन्त्रता, वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, राजनैतिक स्वतन्त्रतामा ताला लगाइएको थियो, त्यतिबेलै उहाँले धर्म, समाज र भाषा-साहित्यका लागि जुन साहसिक यात्रा थालनी गर्नुभयो, त्यसलाई आज हामी धार्मिक गर्वसाथ स्मरण गरिरहेका छौं ।

वि.सं. १९८३ मा तानसेन-पाल्पामा जन्मेका आचार्य भिक्षु कुमार काश्यप महास्थविरले श्रीलंकामा बुद्धधर्मको अध्ययन गरी भण्डै पाँच दशकदेखि धार्मिक, सामाजिक, शैक्षिक, भाषिक एवं साहित्यक आदि क्षेत्रहरूमा निरन्तर रूपमा आफ्नो जीवनलाई समर्पित गर्दै आउनु आफैमा धार्मिक गर्वको विषय भएको छ । संघ महानायक भिक्षु प्रज्ञानन्द महास्थविरका शिष्य आचार्य भिक्षु कुमार काश्यप महास्थविरको जीवनी पक्ष वस्तुतः सफलताकै रूपमा भोलिको इतिहासमा कोरिने सुनिश्चित छ । आचार्य भिक्षु कुमार काश्यप २००१ श्रावण १५ का दिन श्री ३ जुद्ध शम्शेरद्वारा नयाँ धर्म-प्रचार गर्न नपाइने भनी आठजना भिक्षु/श्रामणेरहरूलाई हुकुमी आदेशबाट देश निकालामा पर्नु हुनेमध्ये एक ऐतिहासिक श्रामणेर कुमार, श्रीलंकाबाट त्रिपिटक उपाधि प्राप्त गर्नुहुने हासम्म एक मात्र नेपाली भिक्षु, सहनशील-करूणाका धनी आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित, रचित, अनुवादित बुद्धकालीन ग्रन्थमालामा अहं भूमिका निभाउने व्यक्तित्व, पालि गाथालाई आकर्षण लयमा वाचन गर्ने एवं कुशल प्रवचकको रूपमा चिनुनु हुन्छ ।

श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविरको बुद्धशासनिक योगदानलाई कदर गरी म्यानमार सरकारबाट "अग्गमहासद्धम्मजोतिकधज" उपाधिद्वारा विभूषित गरिएको थियो । श्रीलंकाबाट त्रिपिटकाचार्य उपाधि तथा विद्यालंकार पद्मभूषण, भारतबाट "महासद्धम्म परियत्ति प्रदीप" बाट विभूषित आचार्य भिक्षु कुमार काश्यप महास्थविर हाल आनन्दकुटी विहारमा विपश्यना ध्यानभावनाको अभ्यासमा निरन्तर लागिरहेका छन् ।

नेपालको बुद्धशासनिक क्षेत्रमा आजीवन समर्पित श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविर व्यक्तित्व नेपालको पहिलो बौद्ध मासिक आनन्द भूमिका पूर्व प्रधान सम्पादक पनि हुनुहुन्छ भने हाल उहाँ प्रमुख सल्लाहकारका रूपमा हुनुहुन्छ । यही २०६७ श्रावण १९ गतेका दिन ८४ वर्षमा टेक्नुहुने उहाँ महास्थविर भन्तेको शासनिक योगदानलाई सश्रद्धा स्मरण गरी आनन्द भूमि परिवार उहाँको सुखी, दीर्घायु, सुस्वास्थ्य एवं उत्तरोत्तर उन्नति एवं प्रगतिको लागि मैत्रीपूर्ण कामना गर्दछ ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
| --- | --- | --- | --- |
| १. | पूज्य कुमार भन्ते ८४ औं बसन्तमा प्रवेश | कोण्डन्य | ४ |
| २. | इ-बुक र वेभ साइटमा त्रिपिटक | दुण्ड बहादुर बज्राचार्य | ६ |
| ३. | सविवेक श्रद्धा | सत्यनारायण गोयन्का | ८ |
| ४. | सम्यक दृष्टि : एक परिचर्चा | पुष्परत्न शाक्य | १२ |
| ५. | देवदत्तको प्रवज्या | अनु. आनन्द प्रधान | १५ |
| ६. | मनको रहर (गजल) | वजिरञाण | ११ |
| ७. | दान पारमिता | आचार्य भिक्षु कुमार काश्यप | १७ |
| ८. | Thai Buddhism in Australia | Bhikkhu Sumanakitti, Australia | १९ |
| ९. | Institutionalizing the Triple Blessed Day by UN | Prem Lal Chitrakar | २२ |
| १०. | बौद्ध गतिविधि | | २३ |


यस अङ्क




आनन्द भूमि

पढौं पढाऔं समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।

फोन: ४२७१४२०

E-mail : anandakutivihar@ntc.net

गताङ्कमा




नेपालमा बुद्धवचन त्रिपिटक अनुवादबारे पछिल्लो जानकारी तथा बुद्धशिक्षासम्बन्धी ज्ञान लाभ गर्न

Visit : www.tipitakanepal.org

# पूज्य कुमार भन्ते ८४ औं बसन्तमा प्रवेश



✍ कोण्डन्य

राणाकालको अन्त्यतासँगै नेपालमा स्थविरवाद बुद्धधर्मको पुनर्जागरण भएको थियो । तत्कालीन राणा प्रधानमन्त्री श्री ३ जुद्धशम्शेरले नेपाली भिक्षु-श्रामणेर गरी ८ जनालाई २००१ श्रावण १५ का दिन देश निकाला गरेको कलंकित इतिहास सबैलाई थाहा भएकै हो । उनै आठजनामध्ये प्रव्रजित एक जीवित इतिहास हुनुहुन्छ- आचार्य भिक्षु कुमार काश्यप महास्थविर ।



पाल्पा-तानसेन निवासी सन्तमान शाक्य र तेजलक्ष्मी शाक्य (पछि अनागारिका मुदिता) को कोखबाट वि.सं. १९८३ मा जन्मिएका अष्टमान शाक्यले वाल्यकालमै पिताको दुःखद् मृत्युपछि आमाको छत्र-छायाँमा जीवन गुजार्नुपर्‍यो । एक्लो छोरो अष्टमान १४ वर्षको हुँदा श्रामणेर सुमंगल (अन्धा) को प्रभावबाट श्रामणेर प्रव्रज्या हुने कल्पना बुनेका थिए । दुई वर्षपछि तत्कालीन भिक्षु कर्मशील अर्थात् भिक्षु प्रज्ञानन्दसँग सम्पर्क भएपछि वि.सं. १९९९ मा भारतको कुशिनगरमा ऊ. चन्दमणि महास्थविरको उपाध्यायत्व एवं भिक्षु प्रज्ञानन्दको आचार्यत्वमा अष्टमान 'श्रामणेर कुमार' नामले श्रामणेर दीक्षित हुनुभयो । श्रामणेर प्रव्रज्यापछि नेपाल फर्की किण्डोल विहारमा बस्नुभयो । "त्यतिबेला भिक्षाटन जाँदा घण्टौं हिँड्दा पनि एकमाना चामल, एक रुपियाँ पैसा प्राप्त गर्न गाह्रो हुन्थ्यो, तर अहिले समयले कोल्टो फेरिसकेको छ" भनी उहाँ भन्नुहुन्छ । देश निकालाको समयमा सबैलाई लाइन राखी सिंहदरवारमा जुद्ध शम्शेर महाराजाले डरलाग्दो स्वरमा गर्जेको र निकाला आदेशको लगत्तै श्रद्धालु उपासकहरु थानकोटसम्म पुर्‍याउन आएका हृदयविदारक कारुणिक दृश्य अझै याद गर्नुहुन्छ उहाँ । निश्काषित भिक्षु-श्रामणेरहरु सारनाथमा पुग्दाको त्यो समय, जतिबेला श्रीलंकाली भिक्षुहरु भ्रमणार्थ त्यहाँ आइपुगेका थिए । उनीहरुसँगै श्रामणेर कुमार बुद्धधर्म अध्यनार्थ श्रीलंका प्रस्थान गरे ।

पछि २००८ सालमा नेपालमा सारिपुत्र र मौद्गल्यायनको अस्थिधातु राजकीय सम्मानका साथ पदार्पण गराई विविध कार्यक्रमहरु भइरहेकै समयमा आनन्दकुटी विहारमा नवनिर्मित भिक्षु सीमागृहमा नेपालको पुनर्जागरित थेरवार बुद्धधर्मको इतिहासमै पहिलोपटक नेपालमै श्रामणेर कुमार र श्रामणेर विमलानन्दले उपसम्पदा-दीक्षा प्राप्त गरी पूर्णरुपमा भिक्षु भए । बर्मेली भिक्षु ऊ. कोविद महास्थविरको उपाध्ययत्वमा उपसम्पदा प्राप्तपछि श्रामणेर कुमार भिक्षु कुमार काश्यप हुनुभयो । यसपछि भिक्षु कुमार काश्यप पुनः श्रीलंका जानुभयो । विद्यालंकार परिवेणबाटै उहाँले **'त्रिपिटकाचार्य'** उपाधि परीक्षा उत्तीर्ण गर्नुभयो । उहाँ नेपालकै पहिलो र हालसम्म एक्लो **'त्रिपिटकचार्य भिक्षु'** को रुपमा सु-परिचित हुनुहुन्छ ।

भिक्षु कुमार काश्यपले श्रीलंकामा बुद्धधर्मको अध्ययन मात्र होइन अध्यापन कार्यमा पनि लाग्नुभयो । देशपालन अर्थात् श्रीलंकाली भिक्षुहरुको राजनीतिक क्रियाकलापमा समेत उहाँले संलग्नता देखाई चर्को भाषण गरेको उहाँ अझै सम्झिनुहुन्छ । श्रीलंकाबाट फर्केर भारतको सारनाथमा भिक्षु जगदिश काश्यपको नेतृत्वमा देवनागरी पालि प्रकाशन समितिमा पनि काम गर्नुभयो । त्यसपछि नेपाल फर्किनु भई आनन्दकुटी विहारमा बस्नुभयो । आनन्दकुटी विहारमा बसी उहाँले आचार्य भिक्षु अमृतानन्दद्वारा लिखित बुद्धकालीन ग्रन्थमालामा प्रकाशनमा ठूलो सहयोग पुर्‍याउनुभयो । उहाँ आफैले पनि आलवक सूत्र, गृह-प्रतिपत्ति, बुद्धधर्म व संघ, गौतम बुद्धया अर्थनीति, गृहस्थ-धर्म तथा दश-पारमिता पुस्तक रचना गर्नुभएको छ । नेपाली र नेपाल-भाषामा प्रकाशित भैसकेको दशपारमिता ग्रन्थ निकै नै ख्याति प्राप्त पुस्तक मानिन्छ ।

भिक्षु कुमार काश्यप महास्थविरले आनन्दकुटी विद्यापीठमा सुपरिवेक्षक रुपमा अध्यापन पनि गर्नुभएको थियो ।

हाल आनन्दकुटी विहारका प्रमुख एवं आनन्दकुटी विहार गुठीका निवर्तमान अध्यक्ष उहां भन्तेले उहिले लुम्बिनी सहयोग समितिको अध्यक्ष भएर पनि कार्य अनुभव गर्नुभएको थियो । नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्द-भूमिका प्रधान सम्पादक समेत भई धेरै वर्ष अनुभव बटुल्नुहुने उहाँ भन्तेले अखिल नेपाल भिक्षु महासंघको गरिमामय अध्यक्ष पद दुईपटक सम्हानु भएको थियो । आनन्द-भूमि पत्रिकाको प्रमुख सल्लाहकार उहाँ श्रद्धेय भन्ते मैत्री शिशु विद्यालयका अध्यक्ष, ट्रिपल जेम्स बोर्डिङ्ग स्कूलका संस्थापक अध्यक्ष हुनुहुन्छ भने नेपाल लिपि गुथिका संरक्षक पनि हुनुहुन्छ ।

श्रद्धेय कुमार भन्तेको बुद्धशासनिक योगदानलाई कदर गरी विपस्सना विसोधन विन्यास दिल्लीबाट 'महासद्धम्म परियत्ति पदीप', श्रीलंकाबाट 'विद्यालंकार पद्म भूषण' (२०५८), म्यानमार सरकारबाट 'अग्गमहासद्धम्मजोतिकधज' (२०५९) जस्ता पद्वीबाट विभूषित गरिएको व्यक्तित्व हुनुहुन्छ । वर्तमान नेपालका पूज्यपाद संघउपनायक भिक्षु अश्वघोष महास्थविर र आचार्य भिक्षु कुमार काश्यप महास्थविरको ७७ औं वर्षमा प्रवेशको उपलक्ष्यमा सुखी होतु नेपालले भव्यताका साथ वि.सं. २०६० मा ऐतिहासिक रूपमा १११ जनालाई सप्ताहब्यापी दुर्लभ शतकुलपुत्र प्रव्रज्या समारोह सफलतापूर्वक आयोजना गरिएको थियो । यसरी नै श्रद्धेय कुमार भन्तेको जीवनी झल्किने नेपालभाषा, नेपाली, अँग्रेजीभाषामा नेपाल लिपि गुथिको प्रकाशन तथा कोण्डन्यको लेखन-सम्पादनमा भिक्षु कुमार काश्यप महास्थविर संस्मरण ग्रन्थ प्रकाशित भएको थियो । उहाँ भन्तेकै संस्थापक-संरक्षकत्व तथा भिक्षु कोण्डन्यको संस्थापकत्व एवं भक्तिदास मानन्धर र प्रकाश बहादुर मानन्धरको संस्थापक सदस्यतामा वि.सं. २०६१ आषाढ २७ का दिनमा बुद्ध विहार भृकुटीमण्डपस्थित **आचार्य भिक्षु कुमार काश्यप महास्थविर धार्मिक कोष** संस्थापन गरिएको छ ।


श्रामणेर कुमार


'अग्गमहासद्धम्मजोतिकधज' उपाधि ग्रहण, २०५९

उहाँ श्रद्धेय भन्ते श्रीलंका, बर्मा, थाइलैण्ड, सिंगापुर, मलेसिया, हंगकंग, रूस (USSR), चीन, मंगोलिया, संयुक्त अधिराज्य, पोल्याण्ड, जापानको समेत भ्रमण गरिसक्नुभएका उहां भन्ते हाल बढी ध्यान भावनामा व्यस्त हुनुहुन्छ । आनन्दकुटीमै ध्यान गर्न आउनेहरूले उहाँलाई आचार्यकै रूपमा मान्छन् भने श्रद्धेय कुमार भन्तेलाई स्वयम्भू इलाकामा नचिन्ने व्यक्ति कोही छैनन् । दिनहुँ विहानी-बेलुकी गःचाः वा स्वयम्भू घुम्नुहुने उहाँलाई बच्चा, बुढाबुढी, तन्नेरी सबैसबै नमस्कार गरी आशीर्वाद लिन झुक्ने गर्छन् । उहाँले पनि सबैलाई टाउकोमा हात राखी आशीर्वाद दिने गर्नुहुन्छ । बुद्धधर्म प्रभावित स्वयम्भू घुम्ने परिसरमा उहाँ अवतारी लामाजस्तै सम्मिलित हुने गरेको देखिन्छ भने प्राय बच्चा र तन्नेरीहरु सबै उहाँलाई 'भन्ते बाजे' भनी पुकार्ने गर्दछन् । दुईवर्षअगाडिसम्म पनि बैशाखी टेकी श्रामणेरहरूसँगै विहान-वेलुकी सांझपख दैनिक रूपमा घुम्ने भन्तेबाजे गःचाः हिलेगु गर्नुहुन्थ्यो, हालसालै बु.सं. २५५३ श्रावण १ गते मात्र ८३औं बसन्त पार गरी ८४औं वसन्तमा पाइला टेक्नुहुने सबैका भन्ते बाजे श्रद्धेय आचार्य भिक्षु कुमार काश्यप महास्थविर अहिले भने गःचा वा स्वयम्भू परिसर घुम्न जान सक्नुहुन्न । कहिलेकाहिँ दाताहरूको श्रद्धाअनुसार भोजन निमन्त्रणा जानुहुन्छ, बैशाखी टेकी विहान-बेलुकी सांझपख दैनिक रूपमा विहार परिसरभित्रै हिँड्डुल गर्ने, अन्य समयमा ध्यानभावनामै रमाउने गर्नुहुन्छ । कब्जियत, डायबिटिज र प्रेसरका पुराना विरामी उहाँ पूज्यपाद गुरूवर आचार्य भिक्षु कुमार काश्यप महास्थविर भन्तेको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा सुस्वास्थ्यसहित यथाशक्य चित्तक्लेश क्षय गर्न, भेदन गर्न, जरैदेखि उखेल्न सफलता मिलोस् भन्ने मैत्रीसहगत कामना ! ♦

# इ-बुक र वेभ साइटमा त्रिपिटक



✍ दुण्ड बहादुर वज्राचार्य

बुद्धवचन सङ्गृहित त्रिपिटक ग्रन्थहरू विश्वका अनेक बौद्ध देशहरूमा आ-आफ्ना भाषामा ग्रन्थहरू मात्र उपलब्ध भएको होइन्, बल्की आधुनिक वेभ साइटको माध्यमबाट बहुजनहिताय बहुजनसुखायका लागि व्यापक रूपमा प्रचार-प्रसार भइआएको बुझिन्छ । यस सन्दर्भमा बुद्धको जन्म भएको देश भनी गौरव गर्ने नेपालीहरूले यस सम्बन्धमा के गर्न सकेका छन् भन्ने प्रश्न उपस्थित हुनआउँछ । सरकारी, गैरसरकारी अथवा जनस्तरमा यस विषयबारे पटक्कै ध्यान दिइएको बुझिन्न । स्वयम्लाई बौद्ध भन्नेहरूले नेपाल-पुत्र गौतम बुद्धको अमृत-वचन पढेर, सुनेर बहुश्रुत बनेर पर्याप्त लाभान्वित हुन सकेका छैनन् भनेर भन्न सकिन्छ । नेपाल-पुत्रको अक्षय ज्ञानलाई अन्य कतिपय मुलुकहरूका रैथानेले सदुपयोग गरिआएका छन् भने यसको विपरीत हामी नेपालीहरू चाहिँ बुद्ध-निर्देशित ज्ञान प्राप्त गर्ने अवसर अनायास गुमाउँदै छौं ।

यो कुरो दृष्टिगत गरी विगत तीन-चार दशकअघिदेखि यस क्षेत्रमा स्वयंलाई समर्पित गरिआएको, बुद्ध-वचन त्रिपिटकको चार भागको एक भाग आफैले अनुवाद र प्रकाशनको अनुभव सँगालेको वीर-पूर्ण पुस्तक संग्रहालयका अध्यक्ष एवं प्रस्तुत रचनाको रचयिताको आयोजनामा गत २०६६ साल पौष २१ गतेका दिन नेपालका वरिष्ठ विद्वान भिक्षुहरू र अनागारिका गुरूमाहरू सम्मिलित हुनको लागि बैठकको आह्वान गरियो । उहाँहरूको कृपापूर्ण सान्निध्यमा हालसम्म अनुवाद गर्न बाँकी रहेका ग्रन्थहरूलाई नेपाल भाषामा सम्पूर्ण त्रिपिटक तयार पार्ने प्रस्ताव मैले सविनय प्रस्तुत गरेको थिएँ । यस कामका लागि मिलाउनु पर्ने चाँजो-पाँजो र आवश्यक सम्पूर्ण व्ययभार वीर-पूर्ण पुस्तक संग्रहालयले बेहोर्ने वचन दिँदा मेरो यो प्रस्ताव सर्वसम्मत रूपमा पारित भयो । तद्नुसार एक जनाले एउटा ग्रन्थको अनुवाद गर्ने अभिभारा लिनुभएकोले बहुप्रतिक्षित समयपश्चात् नेपालमा सम्पूर्ण त्रिपिटक नेपाल भाषामा उपलब्ध हुने भएको छ । यसै बीच केही अंश नेपाली भाषामा समेत हुने भएको छ । पहिलो बैठकको सभापतित्व श्रद्धेय धर्माचार्य भिक्षु ज्ञानपूर्णिक महास्थविरले गर्नुभयो भने दोश्रो बैठक त्रिपिटकाचार्य श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा बस्यो । अनुवाद-परिषद्को संयोजकमा भिक्षु कोण्डन्य हुनुहुन्छ भने निर्देशकमा भिक्षु धर्मगुप्त महास्थविर । अनुवाद परिषद्मा सर्वश्री श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, भिक्षु धर्मगुप्त महास्थविर, भिक्षु धर्ममूर्ति महास्थविर, भिक्षु राहुल महास्थविर, भिक्षु भद्दिय महास्थविर, भिक्षु उपतिस्स, भिक्षु पञ्ञारत्न, भिक्षु पञ्ञासार, भिक्षु प्रियदस्सी, भिक्षु शरणंकर, अनागारिका अग्गञाणी, अनागारिका विमलञाणी र प्रस्तुत रचनाकारको सहयोग रहेको छ ।

त्रिपिटकअन्तर्गत सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक सम्मिलित छन् । तीमध्ये नेपाल भाषामा अनुवाद गर्न बाँकी रहेको सुत्तपिटकका दुई ग्रन्थहरूमध्ये महानिद्देसको अनुवाद गर्ने अभिभारा अनागारिका अग्गञाणी गुरूमाले वहन गर्नुभयो भने अपदानको बाँकी रहेको अंशको अनुवाद गर्ने जिम्मा भिक्षु धर्ममूर्तिले लिनुभयो । अनुवाद गर्न बाँकी रहेको विनयपिटक र अभिधम्मपिटकलाई दुई समूहमा विभाजित गरी प्रत्येक साता सोबारे बैठक बस्ने गरेको छ । प्रत्येक बैठकमा अनुवादको प्रारूप प्रस्तुत गरी सो विषयमा छलफल हुने गरेको छ । अनुवादको गति सन्तोषप्रद रूपमा भइआएको छ ।

त्रिपिटक ग्रन्थहरूलाई प्रारम्भमा ई-बुक्सका रूपमा निर्माण गरी तिनलाई क्रमशः वेभसाइटमा राखेर प्रचार गर्दै जाने लक्ष्यअनुसार काम भइआएको छ । वीर-पूर्ण पुस्तक संग्रहालयबाट पूर्व प्रकाशित त्रिपिटक ग्रन्थहरूको कम्प्यूटर डाटा पुनः तयार पार्ने काममा लागिएको छ । उक्त संग्रहालयबाट प्रकाशित भइसकेका र प्रकाशित हुन बाँकी रहेका एवं अन्य प्रकाशकहरूका

तर्फबाट प्रकाशित त्रिपिटकीय ग्रन्थहरूको डाटा पुनः बनाई संग्रह गर्दै गरेको अथवा फेरि नयाँ डाटा बनाई त्यसलाई पीडीएफ (PDF) फाइलमा स्थान्तरित गर्दै वेभसाइटमा राख्ने काम पनि थालिएको छ ।

वीर-पूर्ण पुस्तक संग्रहालयको लक्ष्यअनुसार आगामी दुई वर्षभित्र प्राथमिक अनुवाद तयार पारी तदुपरान्त त्यसमा आवश्यक संशोधन र परिमार्जन गर्दै रहने अनि त्यसपछि फेरि योग्य सम्पादकहरूको सहयोगबाट अन्तिम प्रारूप तयार पारी पुस्तकका रूपमा तिनलाई विकसित रूप प्रदान गर्ने योजना छ । वीर-पूर्ण पुस्तक संग्रहालयको एउटा पृथक योजनानुसार नेपालको एउटा प्राचीन बौद्ध लिपि, जो उत्तरीय बौद्ध मुलुकहरूमा धम्मको अध्ययनका निम्ति विहार, गुम्बा आदि शिक्षण संस्थाहरूमा परम्परानुसार बुद्ध-शिक्षाको उच्चस्तरीय अध्ययनका लागि अद्यापि सो लिपि पढ्नु पर्ने अनिवार्य जीवन्त परम्परा छ, उक्त प्राचीन रञ्जना लिपिमा सम्पूर्ण पालि त्रिपिटक तयार पार्न लगाउने लक्ष्य पनि रहेको छ । निकट भविष्यमा त्रिपिटक पालि रञ्जना लिपिमा वेभसाइटमार्फत विश्वमै प्रदर्शन गर्न सक्षम हुने सम्भावना छ । यसका लागि ताइवानमा धेरै वर्षसम्म बसेर नेवार परिवारका सदस्य भएर पनि चिनियाँ भाषामा त्रिपिटक ग्रन्थहरूको अनुवाद गरी यस क्षेत्रमा अद्वितीय योगदान दिनुभएका र यस परियोजनाका निर्देशक श्रद्धेय धर्मगुप्त महास्थविर अहोरात्र यस काममा संलग्न हुनुहुन्छ । सबैलाई सहयोग गर्न सदा आतुर यस महान् कार्यका लागि उहाँ सदा वन्दनीय हुनुहुन्छ ।

अब धर्मप्रीतिको कुरा के छ भने, भगवान् बुद्धको मूल प्रामाणिक वचन भएको सम्पूर्ण त्रिपिटक ग्रन्थहरू नेपाल भाषा र केही अंश नेपाली भाषामा समेत अनुवाद गर्दै रहेका र हाल ती e-book को रूपमा हाम्रो देशलगायत विश्वको जुनसुकै देशमा समेत www.tipitakanepal.org वेभसाइटबाट डाउन लोड गरी हेर्नसकिने भएकोले कृपया ती त्रिपिटकीय ग्रन्थहरू निःशुल्क रूपमा उपलब्ध हुनेलाई सदुपयोग गरी सद्धर्म साक्षात्कार गर्नुहोला ।

वेभसाइटको ठेगाना : www.tipitakanepal.org

dundabahadur@yahoo.com

**वेभसाइटबाट डाउनलोड गरी हेर्नसकिने भएकोले कृपया ती त्रिपिटकीय ग्रन्थहरू निःशुल्क रुपमा उपलब्ध हुनेलाई सदुपयोग गरी सद्धर्म साक्षात्कार गर्नुहोला ।**

♦

## सूचना ! सूचना ! सूचना !

**नेपाल-पुत्र शाक्यमुनि बुद्धको प्रामाणिक वचन संगृहीत भएको त्रिपिटक ग्रन्थहरु वीर-पूर्ण पुस्तक संग्रहालयको आयोजनामा सम्मानित नेपाली भिक्षु तथा अनागारिकाहरुको एक विद्वत् परिषद्बाट आगामी दुई वर्षभित्रमै नेपाल भाषामा पूरा गर्ने र केही अंश नेपाली भाषामा समेत अनुवाद गर्ने लक्ष्य रहेको र हाल ती तयार हुँदै गरेको e-book को रुपमा हाम्रो देशलगायत विश्वको जुनसुकै देशबाट समेत वेभ साइटबाट निःशुल्क डाउनलोड गरी हेर्न सकिने भएकोले कृपया ती हेरी पढी सद्धर्म साक्षात्कार गर्नुहोला ।**

वेभ साइटको ठेगाना : www.tipitakanepal.org

अनुरोधक

**वीर-पूर्ण पुस्तक संग्रहालय**

गाबहाल, ललितपुर ।

# सविवेक श्रद्धा



✍ सत्यनारायण गोयन्का

तीनै वेदमा पारंगत विद्वान वक्कलि ब्राम्हण बुद्धको आश्रममा पुगेछ । महापुरूषहरूमा हुने बत्तीस लक्षणले परिपूर्ण तथागतको सुन्दर तेजस्वी शरीर देखेर वक्कलि ब्राम्हण सहजै आकर्षित हुनपुगे । भगवानको अंग अंगबाट प्रस्फुटित प्रभा-रश्मि देखेर ब्राम्हण तुरून्त नै प्रभावित हुन पुगे । उनको अन्तरमनबाट निस्किएको अपरिमित मैत्री र करूणाको तरंगको प्रभाव पनि थियो । वक्कलिले निर्णय गऱ्यो कि भगवानको यस रूपको दर्शन म सँधै गरीरहन्छु । अतः उसले घरबार त्यागेर प्रव्रजित भए र भिक्षु सघमा सम्मिलित भए । भगवानको सामू रहेर अधिक भन्दा अधिक सुख प्राप्त गर्नु नै उनको लक्ष्य थियो । उनी भक्तिको आवेशमा आएर रसमा लोलुप भएको भमरा झैं भगवानको रूपमा मख्ख हुन थाले । उसले शीलको वास्ता गरेन, समाधिको लागि अभ्यास पनि गरेन विपश्यना द्वारा प्रज्ञा जागृत गर्ने प्रयास पनि गरेन । जहिले पनि भगवानको सामू बसेर उनको प्रभा मण्डल सहितको मुहारलाई एकटकले हेरिरहन्थ्यो । भगवान तथागत यस नयाँ भिक्षुको भावावेश पूर्ण भक्तिले सत्य धर्मबाट वंचित भएको हेरिरहनुभएको थियो । भगवानले उनलाई केन्द्रित गर्दै भन्नुभयो, "अरे भिक्षु मेरो यो शरीरलाई पागलले झैं के हेरिरहेको ? मेरो रूप, कायमा के ध्यान दिइरहेको ? यो शरीर भित्र पनि त्यत्तिकै फोहर छ, गन्ध छ । यो मेरो शरीर पनि अन्यको जस्तै हो । यदि मलाई हेर्ने हो भने म भित्र रहेको धर्मलाई हेर । जसले धर्मलाई हेर्दछ उसले नै मेरो वास्तविक रूपलाई हेरेको हुन्छ । सही अर्थमा मलाई हेर्नेले म मा रहेको सत्य धर्मलाई देख्दछ बाहिरी शरीरलाई होइन ।"

यो खो धम्मं पस्सति, सो मं पस्सति ।
यो मं पस्सति, सो धम्मं पस्सति ॥

महाकारूणिकको यस धर्ममय वाणी सुनेर वक्कलि ब्राम्हणको प्रज्ञा चक्षु खोल्यो । उसले भगवान त साँच्चैको धर्मको मूर्त रूप हो भन्ने बुझे । अतः उनको दर्शन केवल काया दर्शनसम्म मात्र सिमित रह्यो भने साँच्चै पागनपनमात्र हुन्छ । उनको दर्शनमा सत्य धर्मको दर्शन हुनुपर्दछ, विट्टधम्मं निब्बाणंको दर्शन गर्नु पर्दछ । यो सांदृष्टिक निर्वाण धर्म त अन्तरमुखी भएर स्वयं आफ्नो भित्र हेर्नको लागि हो, बाहिर हेर्नको लागि होइन । ब्राम्हणले कुरा बुझ्यो । प्रज्ञाद्वारा आफू भित्रको सत्य धर्म दर्शन नगरीकन बुद्धको चीवर पकडेर उनको पछि लाग्ने व्यक्ति उनीसँगै रहेर पनि कोसौं टाढा रहेको सरह हो । भगवान भन्दा हजारौं माइल टाढा रहेर कुनै एकान्त स्थानमा रहेर अन्तरमुखी भई आफू भित्रको सत्य-धर्मको साक्षात्कार गर्ने व्यक्ति ने उनको समीपमा रहेको हुन्छ । धर्मको साक्षात्कार नै बुद्धको साक्षात्कार गर्नु हो । धर्मको नजीक रहनु नै बुद्धको नजीक रहनु हो । त्यसो भए बुद्ध के हो त ? सम्यक - सम्बोधि को जिउँदो स्वरूप नै बुद्ध हो ।

वक्कलिको मनमा छाएको भक्ति भावावेशको अन्धकार हट्दै गयो । सत्य-धर्मको आलोक देखिंदै आयो । उसले भगवानसँग विपश्यनाको कर्मस्थान सिके र एकान्तमा गएर अभ्यास गर्न थाले । पुरानो भक्ति भावावेशले बीच-बीचमा केही बाधा गऱ्यो तर पनि यस साधकले निर्वाणको साक्षात्कार गरी छाड्यो । सबै आश्रव, क्लेश तथा बन्धनहरूलाई मिल्काई नितान्त विमुक्त अवस्था प्राप्त गऱ्यो ।

अतः अन्ध-भक्ति अन्ध-विश्वास र अन्ध-श्रद्धाले ब्याप्त साधक सही अर्थमा उन्नति गर्न सक्दैन ।

भगवान बुद्धले भन्नुभयो; तुम्हेहि किच्चं आतप्पं

अक्खातारो तथागता अर्थात तथागतले त केवल मार्ग प्रसस्त गर्दछ, विधि बुझाइदिन्छ काम त आफैले गर्नुपर्छ । सारा मार्ग त आफैले हिंडेर पार गर्नुपर्छ । यस यथार्थबाट टाढा रहेर बुद्धलाई अथवा अन्य कोही आचार्यलाइ तारक मानेर साधना धर्मको अभ्यास नगरी उनी माथि नै निर्भर रहेर आफुलाई असमर्थ र निर्बल थानेर बस्यो भने त साँच्चै काम नलाग्ने जस्तै हुन्छ । धर्मको नाममा यस्तो भावनामयी भक्तिको हीन भावना कदापि कल्याणकारी हुन सक्दैन । आफ्नो कल्याणको लागि आफ्नो आत्मबल जीवित राख्नुपर्दछ । आत्मबल बनाई राख्नु र मुक्ति पथमा अगाडि बढ्नको लागि सधैं जागरूक भइरहनु अहमन्यता होइन ।

विमुक्ति-मार्गमा जानको लागि आत्मभावको अहंमन्यताबाट बच्नु पर्दछ । आफू भित्र निहित अहंकार, ममकारलाई निकाल्नु अनिवार्य छ । परन्तु अहंकार निकाल्ने भनेर मनमा हीन भावना जगाएर आफैलाई दुर्बल र काम नलाग्ने थान्नु होइन । आफ्नो मार्गदर्शक धम-गुरूको प्रति श्रद्धा, भक्ति र कृतज्ञापूर्ण विनम्रता बनाउनु नराम्रो होइन । परन्तु यसको साथै आफ्नो ज्ञान-विवेकको आँखा खोलीराख्नु पर्छ । आफ्नो गुरूको प्रति अन्ध श्रद्धा, अन्ध भक्ति र अन्ध विश्वासमा डुबेर अलौकिक चमत्कार हेर्नु देखाउनु शिष्य तथा आचार्य दुबैको लागि उत्तिकै हानिकारक हुन्छ । यस अन्ध भावावेशमा शिष्य र आचार्य फस्यो भने त्यहाँ मार्ग पनि पतन हुन्छ । इतिहास साक्षी छ, कसरी भगवानको यो कल्याणकारी विपश्यना पद्धति सिद्धिहरूको चमत्कारको चक्करमा फसेर यस देशबाट सर्वथा विलुप्त भयो । केवल गुरूको महिमा मात्रै गाएर अन्ध-श्रद्धाको पोषण गरेर यस बिशुद्धि मार्गलाई दूषित गर्‍यो र भगवानको परिनिर्वाणको एक-दुई शताब्दी पश्चात नै भारतवर्षबाट यो कल्याणकारी मार्ग लोप भयो । शील, समाधि र प्रज्ञाको यो परम परिशुद्ध धर्म विपश्यना साधनाको मार्फत लामो समय पछि पुनः एकपटक जागृत भएको छ । यस मार्गको बिशुद्धि बनिरहोस् जसबाट कि सद्धर्म चिरकालसम्म प्रतिष्ठित भईरहोस् । यसको लागि कोही पनि साधक-साधिकाले आफ्नो मार्ग निर्देशक आचार्यको कुनै पनि अलौकिक चमत्कारलाई प्रोत्साहन नदिनु । उनको प्रति इश्वरीय भाव जगाएर अन्ध श्रद्धामा नडुब्नु । तबमात्र गुरू-शिष्यको स्वच्छ, स्वस्थ आदर्श परम्परा स्थापित हुन सक्छ र चिरकालसम्म सबैको कल्याणकारी बनिरहन्छ ।

विपश्यना धर्म वर्तमानमा जिउने धर्म हो । यस समय जस्तो अनुभव भइरहेछ त्यही मात्र हामीलाइ काम लाग्ने हुन्छ । अतः कल्पना र कामनाबाट बच्नु । झूठो आशा र आकांक्षाबाट बच्नु । आफ्नो प्रज्ञा स्वयं जगाएर यस क्षणको यथार्थ दर्शन गर्नु आवश्यक छ । यही 'अत्तसम्मा पणिधि" हो, यही धर्मको आलम्बन हो । ज्ञान, विवेक, विद्या, प्रज्ञा र बोधिको आलम्बन हो ।

♦

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख-२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फ्याक्सः ४२२१८५५
ईमेलः vmtautoparts@wlink.com.np
टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

# बुद्धधर्म : बुद्धको मौलिक वैज्ञानिक धर्म



✍ प्रा.डा. गणेश माली

उनन्तीस वर्षको लहलहाउँदो जवानीमा खुखरूपी मारको जालबाट प्राणीमात्रलाई ज्ञान दिलाउने महान उद्देश्य लिएर, घरबाट वेघर भई ज्ञानको खोजीमा, यथार्थ सत्यको खोजीमा, तपश्वी जीवन व्यतीत गरिरहेका कपिलवस्तुका राजकुमार सिद्धार्थलाई ६ वर्षको अथक प्रयत्नपछि आजभन्दा करिब २५०० वर्षपूर्व वैशाख पूर्णिमाको पावन अवसरमा सत्यलाई छर्लङ्ग बोध गराउने सम्यक् सम्बोधि ज्ञान प्राप्त भयो । त्यसपछि उनी बुद्ध भए ।

संसारको इतिहासमा कुनै महामानवलाई यसरी अभूतपूर्व बोधिज्ञान खुल्न गएको यो पहिलो पटक थियो । यसपछि आस्रवक्षय ज्ञानप्राप्त गरी अभ्यासद्वारा आस्रवक्षय (मानसिक विकार क्लेश) गर्ने अर्हत्‌हरू भए, प्रत्येक बुद्धहरू पनि भए होलान्, तर सबै पारमिताहरू पूर्ण गरी सम्यक् सम्वोधि प्राप्त गर्ने उनी मात्र भए । त्यसपछि ४५ वर्षसम्म यत्र तत्र पदचारिका गरी विहार, वन, गाउँ सहरहरूमा आफ्ना सम्पर्कमा आएका प्रायः सबैजसो सर्वसाधारणलाई व्यापक दुःखबाट त्राण दिने ज्ञानामृतरूपी सत्यलाई (=धर्म) बोलचालको भाषामा बोध गराई ८० वर्षको परिपक्व उमेरमा महापरिनिर्वृत्त भए । बुद्धद्वारा आफ्नो जीवनकालमा देशित धर्मविनय आदि नै मूल बुद्धधर्म बन्यो ।

धर्मदेशना गरी बोध गराउँदै विचरण गर्ने क्रममा सर्व साधारण जनलाई धर्म-बोध गराउन तत्काल केही सामाजिक प्रचलनमा आएका धारणा उपधारणा तथा शब्दावलीहरू प्रयोग गर्नुपर्ने हुन्थ्यो, तर उनले यस्ता शब्दहरू, धारणा वा उपधारणाहरूलाई आफ्नो मूलभूत धर्म स्पष्ट गर्न मात्र प्रयोग गरे । कुनैपनि वाद वा मत मतान्तरहरूमा उनी अल्भ्फेनन् ।

वैज्ञानिक अभिवृत्तिहरूबाट भरिपूर्ण बहुप्रतिभाका धनी, विद्या-आचरण सम्पन्न स्वतन्त्र विचारक महामानवले, विश्वमा विद्यमान् परिवर्तन प्रवाहमा हेतु वाद (कार्य-कारण श्रृंखला) देखे, जीवन क्रमलाई अघि बढाउने प्रकृयामा प्रतीत-समुत्पाद सत्य देखे, व्यापक, प्राणीहरू मात्रलाई संसार चक्रमा प्रवृत्त गराई तडपाई राख्ने दुःखको स्वभावमा चार आर्य (श्रेष्ठ) सत्यहरू देखे । (जस्तो कि (१) दुःख सत्य, (२) दुःख समुदय सत्य, (३) दुःख निरोध सत्य र (४) दुःख निरोध गामिनी प्रतिपदा मार्ग सत्य अर्थात् आर्य अष्टांगिक = आठ अंगयुक्त) मार्ग सत्य देखे जुन आठ अंगहरू क्रमशः सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीविका, सम्यक् प्रयत्न, सम्यक् स्मृति र (समाधि) । यी आठ अंगहरूलाई छोटकरीमा शील (सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीविका)-समाधि (सम्यक् प्रयत्न, सम्यक, स्मृति, सम्यक समाधि) तथा प्रज्ञा (सम्यक् दृष्टि, सम्यक् संकल्प) को मार्ग पनि भनिन्छ । यही मार्गलाई केन्द्रविन्दू बनाएर दिएका धर्म-उपदेश विनय आदि नै उनको मूल मौलिक धर्म बन्यो । एक ठाउँमा उनले आफ्ना भिक्षुहरूलाई यसो भनेका थिए- दुइवटै मात्र म सिकाउँछु, भिक्षुहरू हो ! दुःख र दुःखबाट विमुक्ति ।

बुद्धका खोजहरू मौलिक थिए, प्रज्ञा दृष्टि मौलिक थियो, धर्मदेशनाहरू मौलिक थिए- निश्चयपूर्वक भन्न सकिन्छ कि आफूलाई प्राप्त भएको प्रज्ञाको प्रकाश, अँध्यारोमा बाटो विराएर अल्मलिरहेका दुःखीहरूमा छरेर हिँड्दा उनलाई अन्य कुनैपनि प्रचलित धर्म तथा मत मतान्तरहरूको सहारा चाहिएको थिएन, उनी आफैमा पूर्ण, स्वतन्त्र र वादरहित थिए ।

तर २५०० वर्षको लामो समयको अन्तराल वित्दै जाँदा, स्वभावतः उनका धर्ममा पनि अनेक तोड मरोडहरू देखिन गए, अवांच्छित मिश्रणहरू थपिन पुगे, उनका धर्म अनेक शाखा उपशाखाहरूमा विभाजित हुन पुगे, तथापि उनका मूलभूत धर्मका सत्यहरू अद्यावधि यथावतै देख्न सकिन्छ ।

बुद्धले आफ्नो समयमा प्रचलित भ्रान्ति, अन्धविश्वास मिथ्यादृष्टिहरू माथि स्थान र पात्रहरू हेरी टिकाटिप्पणी अवश्य गरे होलान्, (जस्तै आफ्नो समयका वैदिक अवशेषले

रूपले रहेका केही पथभ्रष्ट ब्राह्मणहरूको गलत आचरण बारे गरेका टिप्पणीहरू 'धम्मपद' को ब्राह्मण वर्गमा समेटिएका छन्) तर यी र यस्ता अन्य कुरहरूको आधारमा कदापि भन्न मिल्दैन कि बुद्धधर्म, हिन्दू धर्मलाई संशोधन गर्ने प्रकृयामा बन्न गएको धर्म हो, मानौं, हिन्दूधर्म नभएको भए बुद्धधर्म संभव हुने नै थिएन ।

त्यस्तै अनीश्वरबाद, अनित्य, दुःख, अनात्म, जीवित शरीरमा 'आत्मा' नामको कुनै नहुनु, यी यथार्थहरू हुन् जसलाई आधुनिक विज्ञानले पनि समर्थन गर्छ । विश्व पदार्थ-शक्तिको जमघट, आफ्नै स्वभावले स्व-संचालित, कुनै आफ्नो मर्जीमुताविक चलाइरहने सर्वेसर्वा तत्व (ईश्वर) नहुनु वास्तविक यथार्थ हो, कुनै पनि नित्य नहुनु, सुख स्वरूप नहुनु, आत्म (आफू, आफ्नो) नहुनु, यथार्थहरू छन्, त्यस्तै ९ वटा प्रणालीरूको संयुक्त समन्वयात्मक परिचालनबाट शरीर जीवित रहनु, यो वास्तविकता हो, जसलाई बुद्धले गहिरो ध्यान समाधि प्रज्ञा चक्षुले देखे । हिन्दू धर्मको ईश्वरवाद, सत्य, चैतन्य, आनन्द (सच्चिदानन्द) परब्रह्म परमात्मा वा शरीरलाई जीवित राख्ने आत्माको परिकल्पनाको जालोलाई बुद्धले संशोधन गरेका थिएनन् । यो तथ्यलाई हामीले स्विकार्नै पर्छ ।

वस्तवमा स्वतन्त्र चिन्तन गरी सत्यको खोजी गर्दा उनी पूर्वाग्रहरहित तथा अन्य वाद वा मतहरूको फन्दाबाट पूर्णरूपले मुक्त थिए । र आश्चर्यजनक छ, कि २५०० वर्षअगाडि पनि, जव कि विज्ञानको जन्म पनि शायद भएको थिएन, उनको सोच वैज्ञानिक हुन पुग्यो ।

वास्तवमा बुद्धको समयमा जुन् वैदिक धर्मका अवशेषहरू थिए त्यसमा त्यस समयका तथा त्यस पछिका अनेक प्रकारका वाद र मतहरू तथा अन्य मत मतान्तरमा धर्महरूबाट उधारोमा लिएका खिचडीहरू थपिएर समग्र रूपमा मूलतः सिन्धु (=हिन्दू) प्रवेश निवासी तथा उत्तरी भारतको गंगा मैदानसम्म पनि फैलिएर बसेका हिन्दूहरूको धर्म वन्न पुगेको थियो । २/४ हजार वर्षको अवधिमा एक पछि अर्को समाहित गर्दै बन्दै गएको हिन्दू-धर्मका कुनै एक मौलिक प्रवर्तक भएन । त्यसैले विभिन्न मतमतान्तर र वादहरूको सम्मिश्रण हुँदै हिन्दू धर्म बन्न पुगेको हुनाले, यस धर्मले कालान्तरमा स्वयं बुद्धलाई पनि, परब्रह्म परमात्माको नवौं अवतारमा समावेश गर्न कति पनि हिचकिचाएन ।

बुद्धको समयमा सबै धर्मका कुराहरू मौखिक रूपमा नै हन्तान्तरण हुन्थे । बुद्धको परिनिर्वाणको ५००० वर्ष जति पछि मात्र बुद्धधर्म 'त्रिपिटक' को रुपमा लिपिवद्ध हुन पुग्यो । त्यति लामो अवधिभित्र केही विकृतिहरू अवश्य भए होलान् । फेरी त्यतिबेला विज्ञानको पनि शायद जन्म भएकै थिएन अथवा भए पनि वामे सर्दै थिए होला । त्यतिखेर कतिपय आधुनिक विज्ञानसित बाझिने कुराहरू पनि त्रिपिटकमा समावेश हुन जानुलाई स्वाभाविकै मान्नु पर्दछ ।

अतः एवं हामी सबैले फाल्तू कुरहरूमा अल्झनु भन्दा परम हितकारी बुद्धका मूलधर्मचतुरार्य सत्यलाई बोध गरी, अष्टांगिक मार्गलाई अनुशीलन गरी अन्ततः अर्हत्व प्राप्त गरी सकल लोकको हितसुखको लागि आफ्नो जीवन अर्पण गर्ने उद्देश्य लिएर अगाडि बढ्न सकौं, यही नै कल्याणकारी हुनेछ । यसैबाट सबैको कुशल मंग हुनेछ । ♦

गजल

## मनको रहर

**– वजिरञाण, बुद्ध विहार**

मलाई पनि शान्तिको, बीऊ छर्ने रहर भयो
बुद्ध-मार्ग अंगालेर, साँच्चै मर्ने रहर भयो

जन्मेपछि मर्नु नै छ, प्रकृतिको साझा नियम
मर्नुभन्दा अघि दुःख, सागर हेर्ने रहर भयो

आफैभित्र दुःख छ, प्रज्ञा जागे मुक्ति पाउँछौं
आत्मीय सुख पाउन, केही गर्ने रहर भयो

अरूको खिसी गर्छौं, लोभ गर्छौं, पाप गर्छौं
खै त ! सन्तोष मनभित्र, बुझ्नु पर्ने रहर भयो

हिजोसम्म अल्मलिएं, आज आँखा खुलेको छ
शान्तिको पाठ सिकाउन, छिट्टै झर्ने रहर भयो

# सम्यक् दृष्टि : एक परिचर्चा

पुष्परत्न शाक्य
डल्लु

भगवान् बुद्धको परिनिर्वाण भएको २५५३ भैसक्यो । त्यसको ४५ वर्षअगाडि सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरिसकेपछि वाराणसीको ऋषिपतन मृगदावनमा पहिलो पटक 'धम्मचक्कपवत्तन-सुत्त' पंचभद्रवर्गीय भिक्षुहरू कौण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सिजिहरूलाई देशना गर्नुभएको थियो । यस सूत्रमा चतुरार्यसत्य, अष्टाङ्गिक मार्ग र मध्यममार्गसम्बन्धी मूलभूत सिद्धान्हरूको व्याख्या गरिएको छ । यस आलेखमा अष्टाङ्गिक मार्ग केवल एक मार्ग सम्यक् दृष्टि (सही यथार्थ ज्ञानले हेर्ने) बारेमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

सम्यक् दृष्टि के हो ? वर्तमान कालमा दुइ किसिमका यथार्थ घटनाहरू हुने गर्छन्, कुशल कार्यका घटनाहरू जस्तो दान, शील पालन गरिरहेका छन्, उपकार, सहयोग गरिरहेका छन् । अर्को अकुशल कार्यका घटनाहरू जस्तो हत्या, हिंसा, चोरी, बलात्कार, ठगी आदि गरिरहेका छन् । यी दुईमध्ये तेस्रो कार्य भनेको मिथ्या, कुरा बोलेर काल्पनिक कुरा भैरहेको छ भन्ने विश्वास राख्नु ।

कुनैपनि व्यक्तिको कुशल, अकुशल र मिथ्या क्रियाकलापले समाजका व्यक्ति, परिवार र समुदायमा असर पार्दछ । मानिसहरूमा धारणा विकसित हुन्छ । अमुक व्यक्ति असल छ, अमुक व्यक्ति खराब छ, भूठा छ, राम्रो नराम्रो भन्ने भावना उत्पन्न हुन्छ । कुशल र राम्रो कार्यले समाजलाई सुख र स्वर्गीयआनन्द दिन खोज्दछ भने अकुशल र नराम्रो कुराले दुःख र नाटकीय पीडा दिन गइरहेको हुन्छ ।

सम्यक् दृष्टिको पहिचान के हो ? कुनै घटना, दृष्टिकोण, विचारमा सम्यक् दृष्टि राख्नुपर्दा त्यो दृष्टि वस्तु वा घटना चतुरार्य सत्य अनुसारको छ छैन ध्यान दिनु उचित हुन्छ । जस्तो घटना, दृष्टिको दुःख वा समस्याको पहिचान ठीकसँग भएको छ छैन । त्यस्तै घटना, दृष्टि आदिको दुःख वा समस्याको उत्पत्तिको कारण ठीकसंग अवबोध भएको छ छैन । यसैगरी दुःख वा समस्याको समाधान ठीकसँग बोध भएको छ छैन । साथै समस्या समाधानतिर लैजाने ठीक उपाय, प्रक्रिया, तरिका आर्यअष्टाङ्गिक मार्गअनुसार छ छैन इत्यादि कुराहरूको ठीक पहिचान हुनु आवश्यक छ । सम्यक् दृष्टि राख्नेहरूले मिथ्या दृष्टिलाई त्याग गर्नु पर्छ । आजको वैज्ञानिक युगमा प्रमाणविना कुनै सत्यको अस्तित्व छ भन्नु हलुका गफ दिएजस्तै मात्र हो । स्वर्ग लोक, नर्क लोक, प्रेत, देव, शुक्र, यो लोक अर्को लोक भन्नु कुरा प्रमाणित नभएसम्म यो कुनै शास्त्रमा लेखिएको कुार हो भनेर चुप लाग्नु पर्दछ ।

पृथ्वी सूर्यको चारैतिर घुमिरहेको छ र परिणामस्वरूप दिन रात हुने गरेको छ । साथै समय गतिमान भइरहेको छ । यस धर्तीको समयको एक विन्दूबाट अर्को विन्दूसम्म मानिसको अस्तित्व रहन्छ । अर्थात् मानिलिऔं कोही मानिस १०० वर्ष बाँच्दछ भने त्यो कालखण्डभित्र उसले गरेको सम्पूर्ण क्रियाकलाप बेमतलवको हुँदैन । त्यो कालखण्डमा त्यसको अस्तित्व रहेको हुन्छ । यसलाई एच. जी. वेल्स भन्ने वैज्ञानिक कथाकारले 'टाइम मेसिन' भन्ने कथामा यस्तो परिकल्पना गरेको छ । यदि सूर्यलाई परिक्रमा गर्ने पृथ्वीको गति भन्दा छिटो दगुर्ने कुनै समय मेशिन बनाइयो भने त्यसमा सवार व्यक्तिले भूत र भविष्यत कालको स्थितिलाई प्रत्यक्ष दर्शन गर्न सक्दछ ।

प्रत्येक मानिसको मृत्यु हुन्छ । मृत्यु सत्य हो । त्यसो भए जीवित रहुञ्जेल शरीरलाई सक्रिय गराउने आत्मा मृत्युपछि कहाँ गयो ? पुनर्जन्म छ छैन ? पुरानो लुगा फ्याँकेर नयाँ लुगा लगाएजस्तै आत्माले नयाँ शरीर लिन्छ, पुनर्जन्म हुन्छ । गीताको यो सन्देशले महाभारत युद्धमा सैनिकहरूले आफ्नो प्राणको आहुति दिए । एक किसिमले यो अहंकारको तृष्टीकरणको लागि ल्याइएको विचार थियो भने हुन्छ । आजसम्म

वैज्ञानिकहरूले पुनर्जन्मलाई पुष्टि गर्न सकेका छैनन् । मानिस, जनावर किटपतंग, रूख, विरूवा समेतलाई प्राण भएको जीव मानिन्छ । के मकैको बोट, धानको बोट, आँपको रूख, गुलाफको झाडी समय बितेपछि मर्दैनन् ? मर्छन भने फेरि कहाँ जन्मन्छन् ? जुन जीवको वीज छ त्यो वीजले वंश परम्पराअनुसार नयाँ जन्म लिने गरेको छ । पुनर्जन्मको कुरा दार्शनिक चिन्तत र तर्क-वितर्क मात्र पछ्याएर पुग्दैन यसमा वैज्ञानिकहरूले प्रमाणित गर्न सकेको हुनुपर्छ ? यसमा सम्यक् दृष्टि राख्ने हो भने यति मात्र भन्न सकिन्छ कि मुसावादाभित्र पर्ने गरेर कुनैपनि कुरामा अन्धविश्वास नराखौं ।

सम्यक् दृष्टिको आधार के हुन सक्छ ? सम्यक दृष्टिको आधार शील, समाधि, प्रज्ञा हुनसक्छ । विर्तमान समयमा मनुष्यको क्रियाकलाप असल नियत, निर्वाणप्रति आस्था, इमान्दारीपूर्ण प्रयासकासाथ जिम्मेवारीपूर्ण हुनुपर्दछ । स्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हततिर उन्मुख भई निर्वाण प्राप्त गर्न शान्ति, सन्तोष, आनन्द र कल्याणलाई आत्मसात गर्न बौद्धहरूको क्रियाकलाप निर्वाणतिर उन्मुख भएको हुनुपर्छ ।

सम्यक् दृष्टिको लक्ष्य के हुनुपर्छ ? निर्वाण वा पूर्णशान्ति र आनन्द सम्यक दृष्टिको लक्ष्य हो ? अर्को शब्दमा मोक्ष प्राप्त गर्नु सम्यक दृष्टिको लक्ष्य हो । मोक्षप्राप्तिको लागि अप्रमादि जीवन व्यतित गर्नु पर्दछ । अप्रमादि सोचविचारलाई ब्यापक बनाउँदै जानु पर्छ । प्रमादि सोचविचार व्यक्तिवादी, स्वार्थी सोंच विचार हो । यसले व्यक्तिगत सुख, समृद्धि र अहँकारको तृष्टीकरण गर्नलाई प्रोत्साहन गर्दछ ।

पञ्चेन्द्रीय कामहरूलाई अप्रमादि भएर उपयोग गर्नु पर्दछ । 'म' 'मेरो' 'मेरो आत्मा' भनी अनुरक्त भई अहंकार तृष्णाले हेरिरहेसम्म त्यो व्यक्तिले सम्यक् दृष्टि होइन प्रमादि दृष्टि राखेको हुन्छ । 'म' 'मेरो' व्यक्तिको नामको सर्वनाम मात्र हो । व्यक्तिको यो शब्दले अहँकार, तृष्णा, क्लेशको सट्टा चक्षु, श्रोत, प्राण, जिह्व र मनलाई विनित गर्न समर्थ भयो भने अप्रमादि व्यक्तित्वको विकास सम्भव हुन्छ ।

के हिंसा सम्यक् दृष्टि हुनसक्छ ? भूकम्प, ज्वालामुखी विस्फोट, बाढी, पहिरो आदि दुर्घटनाहरू, मानिसहरूबाट अन्जानमा हुने दुर्घटनाहरूबाट भएका मृत्युहरू पापको श्रोणीमा आउँदैनन् । राजनैतिक, समाजिक, धार्मिक आस्था वा होसपूर्वक वा जानाजान गरिने हत्या, हिंसा आपराधिक वा पापजन्य हुन आउँछन् । बौद्ध मतावलम्बीहरू जहिले पनि भगवान् बुद्धको नीति, सिद्धान्त, विचारलाई अपनाई निर्वाण कामी हुने हुनाले आफूलाई स्वतन्त्र र सम्प्रभु राख्नु पर्ने बाध्यता छ । आफूले आफ्नो निर्णय गर्दा अहिंसात्मक तरिकाले गर्नुपर्ने हुन्छ । हिंसालाई पक्ष बनाएर गरिएको क्रियाकलाप अबौद्ध क्रियाकलाप हुनजान्छ ।

हिंसा अहिंसा के हो भन्ने सम्बन्धमा एउटा उदाहरण प्रस्तुत गरिएको छ । भगवान् बुद्धको समयमा एक जना अरहन्त दृष्टि विहीन भिक्षु थियो । विहानको समय पानी परिरहेको थियो । गड्यौंला आदि कीराहरू उनी चक्रमण गर्ने कुटीभित्र पानीबाट बच्नकालागि आइरहेका थिए । त्यस भिक्षुले आफू केही नदेख्ने अन्धा भएकोले त्यस ठाउँमा साविक झैं चक्रमण गर्न खोज्यो । यो कार्यले त्यहाँ भएका धेरै गड्यौंलाहरू र किराहरू मरे । आफ्नो खुट्टाले कीरा मरेपछि कीराहरू कुल्चिएको उनी थाहा पाउँथ्यो । उनी त्यहाँबाट अर्को ठाउँमा खुट्टा राख्थ्यो, त्यहाँ पनि कीरा मर्थ्यो । यस्तो दृश्य देखेका अन्य साधारण भिक्षुले यो नराम्रो काम भयो भनेर रिसाएर बुद्धकहाँ उजूर गर्न गयो । भगवान् बुद्धले दृष्टिविहीन भिक्षुले जानीबुझी कीराहरू मारेको होइन कीराहरू कुल्चिएर मरेकोमा उनीलाई हृदयदेखि नै दुःख छ । तर उजुरीकर्ता भिक्षुले दृष्टिविहीन भिक्षुमाथि क्रोध देखाएको हुँदा बरू उनैले हिंसा गरेको हुन्छ भनी बुद्धले बताएका थिए ।

सम्यक् दृष्टिअनुसार ईश्वर र अनिश्वरका कुरा के होला ? प्रमादिहरू मूर्त अमूर्त बस्तु समक्ष बली, हत्या, हिंसा, गरेर पूजा गरेमा मनोकामना पूरा हुनछन् भन्ने सोच्दछन् र त्यसैअनुसार आचरण गर्दछन् भने त्यो सम्यक् दृष्टि होइन । ईश्वर-देवी देवताको नामा गरिने यस्ता क्रियाकलाप निर्वाणको विपरीत दिशा जाने मार्ग हो । यो संसार ईश्वरले सिर्जना

गरेको हो, सबै कुरा उनैको इच्छाअनुसार हुन्छ भने तापनि त्यस्तो ईश्वरले मानिसलाई निर्वाण वा मोक्षतिर लैजान सकेको देखिंदैन । यस्ता कुराहरूमा आस्था राख्न नसकिने भएकोले बौद्धहरूले आफूलाई अनिश्वरवादीको पंक्तिमा खडा गरेका हुन् । तर अप्रमादि भई सत्यको आधारमा शील, समाधि, प्रज्ञा, करूणा आदिको विकास गरी निर्वाणरूपी मोक्ष प्राप्त गर्न मानवहरू समर्थ हुन्छन् र त्यसबाट विश्वव्यापी स्तरको ज्ञान र उपदेश पाउन सकिन्छ । त्यस्तो ज्ञान दाता जसले मानिसहरूलाई अन्धकारबाट उज्यालोतिर ल्याई दिन्छ भने त्यो भगवान् हो त्यसलाई अनिश्वरवादभित्र राख्न सुहाउँदैन । अमेरिकाका- भूतपूर्व राष्ट्रपति जर्ज बुशले गत वर्ष चीन भ्रमणका बेला त्यहाँका विद्यार्थीहरूलाई God is universal (ईश्वर विश्वव्यापी छ) भनेर शिक्षा दिएकोलाई विचार गर्दा विश्वव्यापी ज्ञान दिने सबै व्यक्तित्व ईश्वर सरह हुन्छन् भन्ने समझदारी राख्नु मनासिव हुन्छ । यसको अर्थ ईश्वर 'घट-घटव्यापी" हुन्छन् भनी मान्यता विकसित गर्न खोजिएको होइन् । आज बुद्धका सन्देशहरू विश्वव्यापी भएका छन् । ♦


# हार्दिक शुभकामना



पूजनीय आचार्य कुमार काश्यप महास्थविर भन्तेको ८४ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा उहाँको सु-स्वास्थ्य लाभको लागि हार्दिक शुभकामना

**बुद्ध विहार**

भृकुटीमण्डप परिवार, काठमाडौं

**नेपालका एकमात्र त्रिपिटकाचार्य श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँको सुस्वास्थ्यको कामना गर्दछु ।**

**हसना बचत तथा ऋण सहकारी संस्था लि.**

**Hasana Saving & Credit Co-operative Ltd.**

Balambu (Bhastipur), Kathmandu

हाम्रा सेवाहरु

१. बिहानी सेवा (Morning Counter) को सुविधा
२. Western Union Money Transfer को सुविधा
३. Nabil Remittance को सुविधा
४. दैनिक मौज्दातमा ८.५% ब्याजदर
५. साधारण बचतमा ९% ब्याजदर
६. मुद्दतिमा १२% बार्षिक ब्याजदर
७. कुनैपनि बैंक तथा वित्तिय संस्थाहरुको चेकलाई समाशोधन (Clearing house) सुविधा प्रदान गर्ने
८. कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुको शेयर सम्बन्धि आवश्यक सेवा तथा परामर्शको व्यवस्था
९. कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुको प्राथमिक शेयर (IPO) निष्काशन हुँदा आवेदन गरिदिने व्यवस्था ।

मिलिन्द-प्रश्न अनुवादधारा २९

# देवदत्तको प्रव्रज्या

– अनु. आनन्द प्रधान

"भन्ते ! देवदत्तलाई कसले प्रव्रज्या दिएको थियो ?"

"महाराज ! भगवान्‌ले बुद्धत्व (बोधिज्ञान) प्राप्त गर्नुभएपछि यिनी १. भद्दिय २. अनुरूद्ध ३. आनन्द ४. भृगु ५. किम्बिल ६. देवदत्त गरी ६ जना क्षत्रीय पुत्रहरू तथा सातौं उपाली नापित भगवान्‌कहाँ जाँदा उनीहरूलाई भगवान्‌ले प्रव्रज्या दिनुभयो ।"

"भन्ते ! देवदत्तले प्रव्रज्या ग्रहण गरेर संघभेद गर्नुभएको थियो, होइन र ?"

"हो, महाराज ! अरू कोही गृहस्थ अथवा भिक्षुणी अथवा उपासिका अथवा श्रामणेर अथवा श्रामणेरीले संघभेद गर्न सक्तैन । समान संवासको र समान सीमामा बस्नुहुने कुनै प्रकृतात्म भिक्षुले मात्र संघभेद गर्न सक्छन् ।"

"भन्ते ! संघभेद गर्नेको कार्य कस्तो हुन्छ ?"

"महाराज ! उसको कर्म कल्पभर टिक्ने हुन्छ ।"

"भन्ते नागसेन ! के भगवान्‌लाई पहिलेदेखि नै थाह थियो कि देवदत्तले प्रव्रजित भई संघभेद गर्छ र त्यो कार्यको फलले कल्पभर नर्क भोगेर बस्नेछ ?"

"हे महाराज ! बुद्धलाई थाह थियो ।"

"भन्ते नागसेन ! सो हो भने मानिसहरूको यो भनाइ पूर्णतया असत्य छ । बुद्ध ठूला करूणाशील (दयालु स्वभावको) अरूमाथि अनुकम्पा (सहानुभूति) राख्नु हुने, सबै जीवहरूको हित चिताउनु हुने तथा अहितलाई निर्मूल पारेर हित गर्नु हुने पुरूष हुनुहुन्थ्यो । अनि उहाँले नबुझिकनै देवदत्तलाई त्यसै प्रव्रज्या दिनुभएको थियो भने उहाँ सर्वज्ञ ठहरिनु भएन । भन्ते ! तपाईको अगाडि यो द्विविधा (Dilemma धर्म संकट, संशय) राखिएको छ । यसलाई यहाँले समाधान गर्नुहोस् । यहाँले आफ्नो योग्यता (सामर्थ्य, बल) देखाउनुहोस् ।"

"महाराज ! भगवान् महाकारूणिक (धेरै ठूलो दयावान) र सर्वज्ञ दुबै हुनुहुन्थ्यो । आफ्नो करूणा र सर्वज्ञताले देवदत्तको कुन गति होला भन्ने कुरो उनले बुझिसक्नुभएको थियो । आफ्ना धेरै कर्महरू जम्मा हुन जानाको कारण देवदत्तले धेरै हजारौं करौडौं कल्पसम्म एउट नर्कबाट अर्को नर्कमा खसेर नर्क भोग्नु त उसको भाग्यमै लेखिएको थियो ।

भगवान्‌ले आफ्नो करूणा र सर्वज्ञताले के देखाउनुभयो भने देवदत्त मेरो धर्म (शासन) मा प्रव्रजित भएर धेरै थोर त पुण्य कमाउन सक्छ जुन कारणले गर्दा उसको नर्कमा भोग्नुपर्ने अवधि घटेर जानेछ । यो बुझेर उहाँले उसलाई प्रव्रज्या दिनुभएको थियो ।"

"भन्ते नागसेन ! त्यसो हो भने बुद्धले पहिले चोट पुऱ्याएपछि मलम लगाइदिनु हुन्छ । पहिले पहाडबाट धकेलेर पछि जोगाउनको लागि हात थाप्नुहुन्छ । पहिले मार्नुहुन्छ पछि जीवित बनाउनु हुन्छ, पहिले दुःख दिनुहुन्छ पछि सुखी पनि बनाउनु हुन्छ ।"

"महाराज ! जीवहरूको हित गर्नको लागि नै बुद्धले उनीहरूलाई चोट पुऱ्याउनु हुन्छ, धकेल्नु हुन्छ, अथवा पिट्नुहुन्छ । महाराज ! जसरी आमा-बाबुले नानीहरूको भलो गर्ने कुरालाई ध्यानमा राखेर पिट्छन् र धकेल्छन् । त्यसरी नै बुद्धले मानिसहरूको पुण्य बढाउने कुरालाई ध्यानमा राखेर सबै थोक गर्नुहुन्छ । महाराज ! यदि देवदत्त प्रव्रजित नभएर गृहस्थ (घर संसारी) भएर बसेको भए अरू झन बढी पाप गर्नेथ्यो जुन कारणले गर्दा हजारौं करोडौं वर्षसम्म एउटा नर्कबाट खसेर अर्को नर्क भोगेर बस्नुपर्थ्यो । भगवान्‌ले आफ्नो सर्वज्ञताले यो कुरो बुझ्नुभएको थियो । उहाँले के देख्नुभयो भने धर्मविनयअनुसार प्रव्रजित हुँदा देवदत्तको दुःख केही घटेर जानेछ । अतः उसैको हितको लागि उसमाथि करूणा राखेर उसलाई प्रव्रज्या दिनुभएको थियो ।"

१) महाराज ! जसरी कुनै धन, यश, पद र उच्च कुलको धेरै ठूलो मान्छेले आफ्नो प्रभाव (योग्यता, प्रताप) ले राजालाई विश्वासमा पारेर आफ्नो नाता पर्ने अथवा मित्रको धेरै कडा दण्डलाई केही कम गर्न लगाउँछ त्यसरी नै भगवान्ले देवदत्तलाई प्रव्रजित गर्नु भई शील, समाधि, प्रज्ञा र विमुक्तिको बलले उसको धेरै ठूलो दुःखको अवधि घटाइदिनुभयो । नत्र भने धेरै हजार करोड वर्षसम्म एक नर्कबाट अर्को नर्कमा अल्भी अल्भी नर्क भोग्नुपर्ने त उसको भाग्यमै लेखिएको थियो ।"

"महाराज ! जस्तो कुनै चतुर वैद्य अथवा शल्यचिकित्सकले आफ्नो प्रभावकारी औषधीले कुनै गम्भीर (साह्रोगाह्रो) रोग कम गरोस् त्यसरी नै भगवानले उचित कुरो बुझेर देवदत्तलाई प्रव्रजित गर्नुभई उसलाई करूणा बलले तेजधर्मरूपी (प्रभावकारी) औषधी दिनुभएर उसको दुःखको धेरै लामो अवधिलाई घटाइदिनुभयो । नत्र भने धेरै हजार करोडौं बर्षसम्म नर्कबाट अर्को नर्कमा अल्भीअल्भी भोग्नुपर्ने कुरो उसको भाग्यमै लेखिएको थियो ।"

"महाराज ! देवदत्तको त्यो ठूलो दुःखको पुञ्ज (थुप्रो, राश) लाई घटाइदिनुभएर के भगवान्ले कुनै गल्ती गर्नुभएको थियो त ?"

"अहँ भन्ते ! कुनैपनि र कति पनि गल्ती गर्नुभएको थिएन ।"

"महाराज ! त्यसैले तपाईले यो कारण बुझ्नुहोस् जुन कारणले भगवान्ले देवदत्तलाई प्रबज्या दिनुभयो ।"

क्रमशः

(यस अगाडिको अंश धर्मकीर्ति तथा हिमपात मासिकमा प्रकाशित भएका छन्)




# मैत्रीपूर्ण शुभकामना !

**आनन्दकुटी विहारका प्रमुख अग्गमहासद्धम्मजोतिकधज त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर ८४ औं वर्षमा प्रवेश गर्नुभएको उपलक्ष्यमा उहाँको सुखशान्ति, सुस्वास्थ्य, दीर्घायु एवं बुद्धशासनिक क्षेत्रमा अझ बढी योगदान पुऱ्याउन सकून् भनी मैत्रीपूर्ण शुभकामना !**

आनन्दकुटी विहार परिवार
आनन्दभूमि परिवार

स्वयम्भू, काठमाडौं

दश पारमिता-५

# दान पारमिता



✍ आचार्य भिक्षु कुमार काश्यप

## विविध दान

...... थ्व हे खँ बुद्धया चरिया क्यना तःगु 'चरिया पिटक'या न्हापांगु चर्या 'अकित्ति चरियां' (अकित्ति जातक ४८०) नां धाः ।

बोधिसत्व ८० गू कोटी धन दूम्ह महाशाल ब्राह्मणया कुलय् जन्म जुल । वयात अकित्ति धयागु नां छुत । वया यशवती धयाम्ह केहेँ छम्ह नं दु । मां-बौपिं परलोक जुइ धुंका वं थःगु विशाल धन-सम्पत्ति खन । वया मती वन, जिमि मां-बौनं धन-सम्पत्तियात भतिचा हे सार्थक याना मवं । धन-सम्पत्ति धयागु सुंक प्वःचिना तयेगुली दुगु मखु । थथे मती तया वं धन-सम्पत्ति थम्हं ज्वना वनेगु मती तया दान बीगु यात । तर दान ब्युब्युं हे मफुसेंलि यःम्हं यःगु यंकि धका लुखा चायेका बिल । केहेंम्ह नापं व प्रव्रजित जुल । तर अन नं मान सत्कारं तोपूवःबले कार द्वीपय् च्वं वन । अन वं सन्तोषया जीवन हन । सिमाया हः दायेका नया च्वंबले वयागु दानया प्रतापं ग्याःम्ह इन्द्रं वयात दानं विचलित यायेगु मती तल । इन्द्रं ब्राह्मण भेष कया दान काः वल । थः नयेत दायेका तःगु सिमा हः समेतं दान बिल । स्वन्हु तकं इन्द्रं अथे हे दान काः वल । वं नं अविचलित चित्तं दान बियावं च्वन । थ्व अविचलित चित्तया दान खना प्रभावित जुया इन्द्रं वयागु दानया कारण न्यन । वं धाल, "जिगु थ्व दान सर्वज्ञताया प्रत्यय जुइमा । बार बार जन्म कायेगु दुःख, शरीरया नाश जुइगु नं दुःख, सम्मोह-मरण नं दुःख । उकिं हे वासव ! जिं तपस्या याना च्वना ।'

दान बीबले थ्व जित ख्यले दुगु धका ल्हाः लिमसालेगु स्वभाव बोधिसत्वपिनिगु स्वभाव जुइ । लोकया निर्तिं प्राणीपिनि निर्तिं यावत् थःके दुगु इमित माःगु बीगुली बोधिसत्व हृदय विचलित जुइ मखु । शील सदाचारयात भतिचा हे बुलु मजुइक थम्हं पालन यायेगु व इन्द्र प्रस्थया सम्पूर्ण जनतायात याका च्वंगु बोधिसत्व-जीवनय् कलिङ्ग राष्ट्रया दन्तपुर नगरया जुजुं सवृष्टि जुइगु लक्षण दुम्ह अञ्जन धयाम्ह मंगल हस्ति फ्वंके हल । बोधिसत्वं मंगल हस्ति तिसा सहितं दान यात धयागु खँ कुरूधम्म जातकय् (२७६) वया च्वंगु दु । दान यायेगु तोते स्वया राज्य हे तोते धका धाइम्ह बोधिसत्व विश्वन्तर लिसे थ्व मंगल हस्ति दानया समता दु । बोधिसत्वयात न्ह्याथें जाःगु राजसत्ता वा अधिकार प्राप्त जूसां त्याग व सदाचार तोती मखु । व अधिकार व शक्ति सम्पन्न जीवनय् नं भोग विलासय् दुना जीवन फुका छ्वयेगु याइ मखु धयागु खँ महासुदर्शन जातकं (९५) स्पष्ट याः । न्ह्याबलें न्हिं स्वको थःगु विशाल राज्यय् सुया पित्याः, सुया प्याःचाः, सुयात वसः माः धका घोषणा याना च्वनेगु ज्या चक्रवर्ती याइ । थथे याना च्वनागु बारय् महा-सुदर्शन चक्रवर्तीं धाःगु दु, जिं जीवन भर महादान याना, थ्व जितः मयया मखु । खालि सम्बोधि ययाः हे जक बिया च्वनागु खः । न्हेगू रत्न थुना तःगु आशनय् गोतुला च्वंम्ह चक्रवर्ती महासुदर्शन जुजुयात सुभद्रा देवीं धाल, 'देव, थ्व चेप्यद्वः नगर अले थ्व कुशावती राजधानी खः । थ्वयात प्रेम या ।' चक्रवर्ती महासुदर्शनं धाल, 'थथे धाये मते देवी ! बरू जित थथे उपदेश ब्यु थुकी प्यपुने मत्य । थ्वयात तोते फयेकि ।' चक्रवर्ती हानं धाल, 'दान ब्यु । सदाचारी जु । उपोसथ ब्रत पालन या ।'

बोधिसत्वपिं थथे त्याग भावनां जाःगु चित्तपिं जूथें माःपिंत बीगुली ज्ञानं खंके सःपिं नं जुइ । शंख ब्राह्मणं क्वाःगु फिब्वय् वया च्वंम्ह प्रत्येक बुद्धयात खनेवं थःगु लाकां तोता लाकां व कुसा दान बिल । उपमामय शब्दय् वं धाल, 'गथे ज्यापुं यक्व भिंगु बुँ

खना नं पुसा मह्वःसा व धन यःम्ह जुइ मखु, वथें पुण्य यःपिसं उत्तम पुण्य-क्षेत्र खना नं त्याग मयाःसा व पुण्य यःम्ह मखु ।' (शंखचर्या) बोधिसत्वं पशु, पंक्षी व मनू ब्याक्कसित फुगु कथं उपकार याइ । गथे निमिराजं यात । (निमिराज चर्या) दान धात्थें सुगति प्राप्त जुइगु पुण्य कार्य खः धयागु खँ नं बोधिसत्व निमिया चरित्रं क्यं । बोधिसत्व निर्मि स्वर्ग चाः हिला वया धाल, 'छिमिसं नं दानादि पुण्य कर्म या । थथे यायेवं छिपिं नं देवलोकय् जन्म काः वनी ।' (निमि जातक ५४१)

दानया फल वर्णन अनेक कथं याना तःगु दु । थुपिं फल वर्णन वस्तु निष्ठ गुण विशेषय् गुणात्मक जुया च्वंगु खने दु ।

पंखा दानं शीत उष्ण पीडा, शरीरय् दाह, चित्तय् दाह, राग, द्वेष व मोहया दाहं मुक्ति प्राप्त जुइ । लाकां दानं अनेक वस्तुकं दयेका तःगु लाकां प्राप्त जुइ । तुति याउँया च्वनी । खोचा दानया पुण्यं सूरवीर जुइ, चित्त अक्षिप्त जुइ, धैर्य वीर्य जुइ, क्लेश चाये फुम्ह जुइ । मुलुसुका दान यायेगुलिं शंका मदुम्ह, बांलागु तीक्ष्ण बुद्धि, गम्भीर व सूक्ष्म स्थानय् अर्थ ज्ञान व स्थिर ज्ञान दुम्ह जुइ ।

थुकथं दानया फल वर्णन यक्व याना तःसां बोधिसत्व ज्ञानया दानय् वया दानया लक्ष्य मात्र बुद्धत्व जुइ । बोधिसत्वया थ्व दानया लँपुइ यंकेत हे दान प्रज्ञां बीमाः, बुद्धि मचायेक ब्यूगु दान उत्तम जुइ मखु धका थाय् थासय् धया तःगु खः ।

हानं बौद्ध आदर्शया दानया व्याख्याया लक्ष्य दान प्राप्तार्थ मखु । बोधिसत्व चरित्रय् फ्वनेगु व परयागु कायेगुली न्ह्याबलें संकुचित जुइ । बोधिसत्व तपस्वीं पांचाल जुजुयाके हिमालयय् लिहाँ वनेत माः ताया नं भिंनिदँ तकं कुसा छपाः व लाकां छजु मफ्वं । थौं धाये कन्हे धाये यांयां भिनिदँ लिपा तिनि बल्ल कुसा छपाः व लाकां छजु धाल । छाय्धाःसा फ्वनीम्हं फ्वनीबले मबीव नं वया मनय् दुःख जुइ । फ्वनीबले बीम्हसिया बी मास्ते वया नं वयाके मदया वया थःगु नुगः ख्वइ । उकिं फ्वनेगु धयागु बांमलाः । (ब्रह्मदत्त जातक ३२३)

स्वर्गया प्रलोभनं दान बीगु बौद्ध आदर्श मखु । स्वर्गया प्रलोभनं गुलि मानव-जीवनलय् क्रूरतम ज्या जुइ व खँ खण्डहाल जातक (५४२) या यज्ञय् बलि बीया निर्तिं चिना तःपिं मनू तयेगु क्रन्दनं स्पष्ट याः । स्वर्गयागु आशया सोतिपाँचं चिना गुलि मनू सहित पशुया बलि यात, अले गुलि दक्षिणा लाभयात थ्वया वर्णनं पालि साहित्य जाः । उकिं पालि साहित्यय् दानया दुनेया अभिप्रायः पुरोहित्याइँ लाभ मखु मानव-सेवाया निर्तिं जीवन उत्सर्ग याना च्वंपिनि जीवनया निम्नतम आवश्यकताया पूर्ति जक खः । उकिं बौद्ध साहित्यय् थःत सा माःसा सा, रथ माःसा रथ, लुँ माःसा लुँ, च्यः भ्वातिं माःसा च्यः भ्वातिं, म्ह्याय्मचा माःसा म्ह्याय्मचा (कन्दा) दानया विधि व गुण वर्णन उल्लेख जुया च्वंगु मखु । थौं तकं गथे अय्लाः दान कायेगु स्त्रोत्र मदु, वथें थौंया दान मध्ये गुलिखे दान धयागु हे न्हापा मदुगु खः । उकिं बौद्ध विचारय् थ्व वस्तु छगू दान बीगु तःधं धयागु मदु, बरू गुजागु अवस्थाय् गुजाम्ह व्यक्तियात गुजागु चित्तं वयात ग्वाहालि यात धयागु अर्थय् दान तःधं जुइ ।

तृष्णां ज्वंगु उपभोग परिभोग वस्तु आहार, पान, वस्त्र, गृह, क्षेत्रथें थ्वयात रूप, शब्द, गन्ध, रस व स्पर्श कथं विचाः यायेबले आमिस दान आध्यात्मिक कथं नं जूवनी । बाहिरिक कथं मखु । थुगु अर्थय् शील सदाचार ब्याक्कं तात्विक अर्थय् दान जुइ । अभय दान धयागु नं थ्व हे अर्थय्या दान खः ।

.....कथहं

## बुद्ध वचन

**जयं वेरं पसवति-दुक्खंसेति पराजितो ।**
**उपसन्तो सुखं सेति-हित्वा जय पराजयं ॥**

विजयले वैरभाव उत्पन्न गराउँछ, पराजित व्यक्ति दुःखपूर्वक सुत्छ, शान्त व्यक्ति जय र पराजयलाई त्यागेर सुखपूर्वक सुत्छ ।

त्याःम्हसित वैरी दइ, बुम्हसित दुःख जुइ, त्याः-बू त्वःता शान्त जुयाच्वंम्ह सुखपूर्वक द्यनी ।

*- धम्मपद, २०१*

# Thai Buddhism in Australia

**By Bhikkhu Sumanakitti,** Australia

In Australia, Thai Buddhism was found by the Buddhist organization of New South Wales. The President of the organization, Mr. Chards Night requested to the religious department of Thailand to bring monks to Australia. After 3 years of consideration the Thai monks community (Sangha) until 16 April 1969 (2512 BE), the monks of Mahamakut Buddhist University accepted the invitation from Mr. Chards Night. There were only a few monks who had stepped on Australian land for the first time. They are as followed: Chaokhun Phra Sasanasophon (Now His Holiness supreme patriarch of Thailand) Phra Thepkavi (somdet yanovarodom) and Mr. Prasan Thongphakdee, Chairperson of religious studies arrived in Australia in search of Buddhist relationship and propagate the Dhamma.

Thai Ambassador to Australia Mr. Prasong Bunchom and the president of the Buddhist organization of New South Wales welcomed Chaokhun Phra Sasanasophon and his colleagues. In Sydney, the biggest city of Australia, the majority of people were Christian background and also many Buddhist could be seen. However, the main Buddhist people come from Thailand, Sri-Lanka, Burma, Laos, Cambodia, and China.

**The first Thai monks settled down in Sydney**

In April 1973 (2516 BE), Mahamakut Buddhist University had sent two missionary monks to Sydney. Venerable Chaochun Phra Pariyatkavi of Wat Rajbophit and Venerable Khantipalo who was an English monk of Wat Bovanives Vihar, together with a layman was invited by Mr.Chards Night from the Buddhist Organization of NSW.

Venerable Chaokhun Phra Pariyatkavi who was later well known and much familiar among the Buddhist people in Sydney because of his friendliness devotion and contribution, many Buddhist could achieve happiness and he had played an important role in sustaining Buddhism in Australia.

After a year of spending time at the rains-retreat in Sydney, Venerable Phra Pariyatkavi returned to Thailand and Phra Mana Samniang of Wat Bovanives from Bankok, arrived in Sydney which has also been a great benefit for many human beings.

Two other monks arrived in Sydney, one is Venerable Phra Ajarn Bunrit Pandito of Wat Ban Mai, Maehong Son and another one is Venerable Phra Maha Samai Sukhamiddho of Wat Pathumvanaram.

The place for the permanent dwelling for the monks was uncertain, so the Mahamakut Buddhist University ordered monks and Buddhist people to find a proper house/land to have shelter for the monks. Venerable Khantipalo, Venerable Phra Maha Samniang and Venerable Phra Maha Samai found a space in Stanmore near the airport which was a 2 storey building with a wide garden which seemed to suit the monks to establish a monastery. The land was donated by Khun Ying Lamun Minanand, about some cost of 1,500,000 Baht and from other donors donated around 258,250 Baht. Altogether total $ 65,000 Australian dollars purchased.

His Holiness Somdet Phra Yanasamvara on behalf of his majesty, the king of Thailand naming

a temple was "Buddha Rangsee" which means the light of the Buddha. His majesty the prince of Thailand was honored and official visit for the opening ceremony of the newly found first Thai monastery in Australia in 25 May 1975 AD (2518 BE)

During the inauguration ceremony, many senior monks; senior officers attended His Holiness Supreme Patriarch of Thailand, Venerable Chaokhun Phra Dhammadilok, and venerable Phra Rajmuni together with other 10 senior monks from Wat Bovanives vihar; Wat Thevsirinthavas and Wat Raj Bophit, also with fellow Dhamma friends Khun Ying Lamun Minanand, Pro.Aoy Ketusing; Dr. Chao Na Shilavant, former Thai Ambassador Mr. Prosong Bunchom, Khun Ying Tun Kosalvitar, Thai ambassador Khun Vivan Na Pomphet and other members. Also, a prime minister of NSW, Mayor of Sydney metropolitan city and honorable council played an important role in sustaining Buddhism in Australia.

After a year of spending time at the rains-retreat in Sydney, Venerable Phra Pariyatkavi returned to Thailand and Phra Mana Samniang of Wat Bovanives from Bankok, arrived in Sydney which has also been a great benefit

Thus, the great impact of Thai Sangha towards in Australian community and Buddhist meditation guided by venerable Ajarn Bunrid Pandito who spent rains-retreat and contributed to the international Buddhist community in Ningbing Town, NSW. Many of his followers decided to ordain in Thailand even though many of them had been disrobed nowadays but still they are good Buddhist as well.

On the sixth of December 1976 ( 2519 BE) Venerable Luang Poothasek and his followers Phra Steven and Dr. Chavadi assisted the Australian people who were interested in Buddhism. Venerable Luang Poothesak who had a charming face and a good monk. His Dhamma talks with smooth voice and compassionate heart impressed many people. He was also a disciple of late Venerable Lunag Poomun of Thailand.

At that time, after reciting *Patimokha* by Venerable Phra Susobhana, a Nepalese monk and Venerable Lung Poothasek gave a Dhamma talk saying, he was delighted to be with Dhamma friends who live far away from home. In ancient time the propagation of Dhamma was a duty of enlightened monks who were far from defilements and devotion their whole life for the Dhamma, for the benefit of living beings and no-one would blame them because they had been practicing in accordance with right duty and morals. Now at the present time, we were just fully ordained monks propagating the Dhamma. If we were not mindful enough on practicing in accordance with the duty and moral conducts which was also the path of our masters, he added 'I am afraid of monks being rotten potatoes sold in the market…'

Since 1977 AD (2520 BE ) his holiness Somdet Phra Yanasomvara and his colleagues Chaokhun Phra Dhammadilok, Phra Prakat Dhammakhun ( wat Palelai Singapore) and Phra Khrupalad Sombhipat yanacharn, a secretary of this Holiness, continuously visited at wat Buddha Rangsee, Sydney. The great compasssion of His Holiness and his colleague, Chaokhun Dhammadilok, a chief monk of Dhammaduta, missionary monks in Indonesia and Australia. The Mahamakut Buddhist University took this opportunity and donated to expand the land for monastery in Australia. Since 1976 AD – 1978 AD (2519-2521 BE) received donations from the Buddhist devotees, all together is about 77,000 A$ and purchased 12 *Rai* of land in Leumeah Cambell Town in August 1985 (2528 BE). The total cost of this land was 93,000 A$

In 1978 AD (2521 BE) Phra Khantipalo had

founded another Buddhist monastery in the north Sydney ( Dharung National Park) , donated by Australian Ms Elsa.

In 1980 AD (2523 BE) at Wat Buddharangsee Sydney, five Sangha members resided during the rains retreat. This was the remarkable Thai Buddhist history in Australia for the first time had ever got Bhikkhu Sangha (monks' community). And in 1982 AD, Khathina Dana, robe-offering ceremony after the seven years of establishment of the monastery.

Since 1976 AD (2519 BE) many Buddhist from Laos, Vietnam, Cambodia flocked down to Australia. This was the other reason why Buddhism was flourishing continuously and increased devotees at Wat Buddharangsee Sydney. In those days, many people interested in Buddhism and invited monks, Venerable Phra Suvirayan and Phra Yoi Pussiyo came to spend time in rains-retreat They hired a house for temporary resident at 400 Spring Vale Rd. Forest Hill in Melbourne. Finally, they established 'Buddhist Foundation' in 1986 and Wat Dhammarangsee and was given the name by His Holiness Yanasamvara of Thailand. This was the first Thai Buddhist Temple in Melbourne.

Buddhist Association of Adelaide had also decided to buy a house to build a monastery in 1984 AD, but it was impossible without money. Finally, a pious, Dr. Fong and his family donated property to establish the Buddhist monastery at 45 Smith Street Thebarton. It was well known that a couple of years ago, phra Ajarn Boonrit came to run a meditation retreat in Adelaide since 1982 AD (2529 BE). However, Ratana Pradip Temple had officially opened in Vesak Full Moon Day in 1986 AD (2529 BE). After all, Dr. Fong and his family donated another building beside the land to expand the monastery area. So that it will have enough space for the monks and lay people to practice Buddhism in the future.

The rapid increasing of Buddhist monastery also helped to propagating the Dhamma to the local inhabitants. In 1987 AD (2531 BE) established another Buddhist monatery, Wat Pa Buddha Rangsee and construction completed in February 1988 AD (2531 BE) and celebrated in the same time of the 200 years of Foundation Day of Australia. During the official ceremony, many senior monks from Thailand arrived and also the mayor of Canberra, and other Australian government officers made this ceremony successful.

Besides fertilization of Buddhism, in 1990 AD (2533 BE) the first Buddhist pagoda in Sydney had been built in Wat Pa Buddharangsee. This became a symbolic Buddhism in Australia.

After all, Phra Ajarn Yantra visited Australia who was once a famous monk (now disrobed) of Thailand. He spent rains-retreat in the north Sydney and secondly in Bandanoon, 150 km away from Sydney. One of the Australian lady Elisabeth donated the 100 acre of land and given name Wat Sunnataram Forest monastery in 1990 AD ( 2533 BE), in the same year, there were five monks residing in the place. In 2006, a Nepalese monk, venerable Upatissa spent rains-retreat and in 2008, Bhikkhu Sumanakitti, a writer himself arrived in Sydney as invited by Thai-Australian community. This was also another prospect that helped people come to practice Buddhism as well.

However, the history of Australia dates back to 50,000 years where the aboriginal people lived. Although, known as non-Buddhist country and just discovered in 18th century, but believed that unrecorded evidence of Chinese Buddhist merchants crossed this land earlier than westerners' arrival to this land. Later on, the first Sri-Lankan Buddhists arrived in Australia during the British Empire.

Note: *Patimokha* 'Disciplinary code' is the name of the code of monks' rules which on all full moon and new moon days is recited before the assembled community of fully ordained monks, Bhikkhus ♦

# Institutionalizing the Triple Blessed Day by the United Nations

- Prem Lal Chitrakar

UNITED NATIONS NATIONS UNIES

THE SECRETARY-GENERAL

----

MESSAGE ON THE DAY OF VESAK

27 May 2010

I am pleased to send greetings on the Day of Vesak, which marks the birth, enlightenment and passing of the Buddha. Vesak is a time for all Buddhists to reflect on the fundamental values of tolerance, compassion and service to humanity that are embodied in the Buddha's life and teachings. These values are echoed in the Charter of the United Nations, a promise by Member States to work in harmony for a world where women and men can thrive and prosper in peace and dignity.

The theme for this year, "Global Recovery: the Buddhist Perspective" speaks to the heart of global concerns at a time of multiple crises. When the economic and financial crisis hit, the poor suffered first and worst. They will take longest to recover. At the time, I urged world leaders to act in unison for the common good. Their synchronized response and the efforts of the United Nations helped to avoid a worse crisis. Valuable lessons were learned that are guiding our response as the fallout continues.

Such displays of solidarity are increasingly essential in today's interdependent world. They are reflected in the Day of Vesak itself, and the acts of compassion for the less fortunate that are part of its annual observance. Only by showing regard for others can we succeed in tackling the great challenges of our era: reducing poverty and hunger, reversing environmental decline, avoiding catastrophic climate change and creating a world of freedom, peace and justice for all. If we follow the true spirit of Buddhism -- or any of the other major religions of the world -- all these noble goals can be achieved.

Similar to the previous years, the Buddha Jayanti (The Triple Blessed Day) has been observed in the United Nations Office in Kathmandu on 27th May 2010. It has been observed not only to highlight the importance of the Triple Blessed Day but also to persuade the members countries of United Nations in implementing the adopted relolution No. 54/115 by the member countries of the United Nations.

The Baishakh Purnima- as a Day of a International Recognition was adopted at the 79th plenary meeting of the United Nations on 15th Dec., 1999. But the last paragraph of the adopted resolution has not been critically addressed, so far, by the member countries of the world body, despite the lapses of more than 11 years. Under this situation how to persuade the member countries of United Nations in implementing the adopted resolution No. 54/115 has been one of the challenges that the peace loving people of the world have been facing ?

The chief guest, this year to observe the Day of Baishakh was Mr. Robert Piper the United Nations Resident and Humanitarian Co-ordinator in Kathmandu. While deliberating his welcome speech he read out the message of the Secretary General Mr. Ban-Ki-Moon of the United Nations, sent to observe the Day of Baishakh. The full text of the message was as follow:

The message sent by Mr. Ban-Ki-Moon was indeed very importance and motivating in disseminating the invaluable teachings of Buddha for the savation of mankind in the world.

Under this situation, the adipted resolution is to be brought for discussions in the forth coming session of the United Nations General Assembly in New




York in institutionalizing it. This time, the initiation should com from Nepal and get them institutionalized from the year 2011 onwards.♦

# बौद्ध गतिविधि

## कुमार भन्तेको ८४ औं जन्मोत्सव मनाइने



आनन्दकुटी विहार, काठमाडौं । आचार्य भिक्षु कुमार काश्यप महास्थविरको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा यही आउँदो श्रावण १३ विहीवारदेखि १९ गतेसम्म विविध धार्मिक तथा सामाजिक गतिविधि हुने भएको छ । सप्ताहव्यापी कार्यक्रमअन्तर्गत निम्नानुसार कार्यक्रम हुनेभएको छ-

**श्रावण १३ गते बिहीवार** : बिहान बुद्ध-पूजा, स्वयम्भू ज्ञानमाला भजन, जन्मोत्सव कार्यक्रम उद्घाटन

**श्रावण १४ गते शुक्रवार** : विभिन्न वृद्धाश्रम, बालाश्रम, अनाथाश्रममा गएर दान-प्रदान (स्वयम्भू परिसरमा गरिबहरूलाई दान)

**श्रावण १५ गते शनिवार** : दिउँसो १:०० बजे आनन्द कुटी विहारमा भिक्षु-श्रामणेरहरूबीच "नेपालमा बुद्धधर्म उत्थानको लागि वर्तमान भिक्षुहरूको भूमिका" विषयक गोष्ठी – कार्यपत्र प्रस्तोता : भिक्षु धर्ममूर्ति महास्थविर, उपाध्यक्ष - आचार्य भिक्षु कुमार काश्यप ८४ औं जन्मोत्सव समारोह समिति, टिप्पणी : भिक्षु कोण्डन्य, सचिव - आचार्य भिक्षु कुमार काश्यप ८४ औं जन्मोत्वस स. समिति

**श्रावण १६ गते आइतवार** : दिउँसो १:०० बजे श्रामणेर-प्रवज्या, आनन्दकुटी विहार

**श्रावण १७ गते सोमवार**: निबन्ध प्रतिभा प्रतियोगिता, विषय - 'भिक्षु कुमार काश्यप महास्थविर तथा आनन्दकुटी विहार'

**श्रावण १८ गते मंगलवार** : बौद्ध मासिक 'आनन्दभूमि पत्रिका' बारे अन्तर्क्रियात्मक गोष्ठी, दिउँसो १:०० - ५:०० सम्म

**श्रावण १९ गते बुधवार** : दिनभर महापरित्राण-पाठ र दानधर्म-कार्यक्रम

आनन्द कुटी विहारका प्रमुख, आनन्द भूमिका प्रमुख सल्लाहकार, अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरको ८४ औं जन्मोत्सव सप्ताहव्यापी विभिन्न धार्मिक-सामाजिक कार्यक्रम आयोजना गरी मनाउने उद्देश्यसहित आनन्द कुटी विहारको (गुठी) कार्यकारिणी बैठकले गत आषाढ ८ गते नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरको धर्मानुशासकत्व एवं भिक्षु मैत्री महास्थविरको अध्यक्षतामा ११ सदस्यसहितको आचार्य भिक्षु कुमार काश्यप महास्थविर ८४ औं जन्मोत्व समारोह समितिको गठन गरेको थियो । सो समितिमा भिक्षु धर्ममूर्ति महास्थविर उपाध्यक्ष, भिक्षु कोण्डन्य सचिव, भिक्षु पियदस्सी कोषाध्यक्ष, जुजुभाई तुलाधर सहकोषाध्यक्ष, भिक्षु प्रज्ञारत्न, भिक्षु शरणंकर, प्रा. सुवर्ण शाक्य, ज्ञानकाजी शाक्य, संघरत्न शाक्य र सुरेश महर्जन कार्यकारिणी सदस्य हुनुहुन्छ ।

आचार्य भिक्षु कुमार काश्यप महास्थविरको ८४ औं जन्मोत्सव समारोहमा सम्बद्ध समस्त श्रद्धालु उपासकउपासिकालगायत जो कसैले पुण्य संचय गर्न सकिने भनी सहयोगको लागि आह्वान गरिएको छ ।

## आनन्द कुटीमा मासिक बुद्धपूजा-धर्मदेशना

१२ आषाढ, स्वयम्भू । जेष्ठ-पूर्णिमाका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनापश्चात् विहारका सचिव भिक्षु धर्ममूर्तिले बुद्धपूजा गराउनुभयो । त्यसपछि भिक्षु अशोकले भगवान् बुद्धको उपदेशअनुसार व्यावहारिकजीवनमा सुखशान्ति प्राप्त गर्न मार्गमा निरन्तर अगाडि बढ्नसके हाम्रो दैनिक जीवनमा सुखशान्ति प्रवाह हुनसक्ने कुरा धर्मदेशना गर्दै बताउनुभयो । ज्ञानमाला भजन पनि गरिएको त्यस दिन सदाझैं उपस्थित भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई दानप्रदान गरी अन्तमा सबैका लागि भोजनको व्यवस्था गरियो ।

## बुद्धविहारमा प्रव्रज्या

१२ आषाढ, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरको उपाध्यायत्वमा बुद्ध विहार भृकुटीमण्डपमा २ जना कुलपुत्रहरूलाई श्रामणेर-दीक्षा प्रदान गरिएको छ । बुद्धविहारको संरक्षण तथा भिक्षु कोण्डन्यको रेखदेखमा वेनी-म्याग्दीका कृष्णप्रकाश घर्तिमगरलाई श्रामणेर वजिरञाण, दोलालघाटका किरण शाक्यलाई श्रामणेर सुधम्मको नाउँबाट श्रामणेर-दीक्षा प्रदान गरिएको हो । बुद्धविहारका श्रामणेरहरू विश्वशान्ति बौद्ध शिक्षालय, विश्वशान्ति विहारमा अध्ययन गरिरहेका छन् । बुद्ध विहारका प्रमुख भिक्षु कोण्डन्यले प्रव्रज्याको महत्व बारे बोल्नुभएको सो समारोहमा म्याग्दी बौद्ध संघका अध्यक्ष यजनलाल शाक्यले वेनीका कुलपुत्रलाई प्रव्रज्या-दीक्षा प्राप्त हुनु जिल्लाकै लागि धर्म-गौरवको विषय भएको भनी शुभकामना मन्तव्य दिनुभयो । म्याग्दी बौद्ध संघले भिक्षु संघलाई भोजन दानसहित दानप्रदान गर्नुभएको थियो । समारोहमा वेनी विहारका उपासिकाहरूको पनि सहभागिता रहेको थियो ।

## वेलुवनारामलाई पचासहजार सहयोग

१३ वैशाख, ललितपुर । २५५४औं बुद्ध जयन्तीको अवसरमा वेलुवनाराम विहार, थेच्वमा परियत्ति



विद्यार्थीहरूलाई प्रेरणास्वरूप परियत्ति पुरस्कार वितरण कार्यक्रम हुँदा प्रमुख अतिथि संस्कृतिविद् एवं समाजसेवी उपासक मोतिलाल शिल्पकारले परियत्ति परीक्षामा उत्तीर्ण २१ विद्यार्थीहरूलाई प्रेरणा पुरस्कार वितरण गर्नुहुँदै निर्माणाधीन वेलुवनाराम विहारलाई सहयोगार्थ पचासहजार सहयोग गर्नुभयो । उहाँले गत वर्ष पनि विहारको खापाचौकोसका लागि आवश्यक काठको सहयोग र परियत्ति शिक्षा कोषका लागि दश हजार सहयोग गर्नुभएको थियो । ५४ जनाले रक्तदान गरेको सो कार्यक्रममा जगमोहन वामीको मन्तव्य तथा भिक्षु उत्तमले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

## नगदेशमा जेष्ठ-पूर्णिमा

१२ आषाढ, नगदेश । नगदेश बौद्ध समूहको आयोजनामा जेष्ठ-पूर्णिमा एक धार्मिक समारोहको आयोजना गरी मानेको छ । अनागारिका केशावतीले दान, शील र भावनासम्बन्धी उपदेश गर्नुभएको सो कार्यक्रममा समूहका सचिव कृष्णकुमार प्रजापतिले मित्रराष्ट्र श्रीलंकामा बुद्धधर्म पदार्पण भएको प्रसङ्गसहित जेष्ठ-पूर्णिमाको महत्वविषयक मन्तव्य दिनुभयो । कार्यक्रममा उपासिका सुन्दरीमाया धजुले जलपान भोजन दान गर्नुभयो ।

## हाजिरीजवाफमा दीपंकर परियत्ति प्रथम

१२ आषाढ, ललितपुर । २५५४ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा ललितपुर जिल्लाव्यापी बुद्ध र बुद्धधर्मसम्बन्धी हाजिरी जवाफ प्रतियोगिता चिन्तनशील युवा समूहको आयोजनामा सम्पन्न भयो । प्रतियोगितामा प्रथमस्थान हासिल गर्न सफल दीपंकर परियत्ति शिक्षालय, नागबहाललाई प्रमुख अतिथि समाजसेवी तथा संस्कृतिविद् उपासक मोतिलाल शिल्पकारले रनिङ्ग शील्डसहित पुरस्कार वितरण गर्नुभयो । सो प्रतियोगिताको अन्तिमचरणमा श्री शाक्यसिंह परियत्ति तथा बौद्ध परियत्ति शिक्षालय, सुधम्माराम विहार, जनविकास युवा समूह-श्री बहाःले प्रतिस्पर्धा गरेका थिए ।

## लुम्बिनी र पर्यटन विकास गोष्ठी सम्पन्न

१८ आषाढ, काठमाडौं । माननीय संस्कृति मंत्री डा. मिनेन्द्र रिजालले एक समारोहबीच लुम्बिनी र पर्यटन विकाससम्बन्धी एकदिने गोष्ठी उद्घाटन गर्नुभयो । आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनाबाट शुभारम्भ गोष्ठीमा आनि छोइङ्

डोल्माबाट धार्मिक-पाठ गर्नुभयो । लुम्बिनी विकास कोषका उपाध्यक्ष आचार्य कर्मा साङ्बो शेर्पा, बौद्ध महिला संघ नेपालका कार्यवाहक अध्यक्ष डा. केशरीलक्ष्मी मानन्धरले मन्तव्य व्यक्त गर्नुभएपछि पर्यटनविद् कर्ण शाक्य र नेपालका लागि श्रीलंकाली महामहिम राजदूत थोसपाल हेवागेले लुम्बिनी र पर्यटनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । पूर्व संस्कृति मंत्री यांकिला शेपा तथा पर्यटन विकासका अध्यक्ष प्रचण्डमान श्रेष्ठको अध्यक्षतामा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य भिक्षु कोण्डन्यको प्रमुख आतिथ्यमा समापन समारोहको आयोजना गरी प्रस्तावना पारित भएको जानकारी गराइयो । नेपाल सरकारबाट घोषित पर्यटन वर्ष २०११ लाई सहयोग पुऱ्याउन बौद्ध महिला संघ, नेपालले सो एकदिने गोष्ठी आयोजना गरेको हो ।

## धर्मकीर्तिमा पुरस्कार वितरण

१९ आषाढ, काठमाडौं । धर्मकीर्ति विहारबाट यसवर्ष नेपाल बौद्ध परियत्ति शिक्षामा उत्तीर्ण ५२ जना विद्यार्थीहरूलाई विहारका प्रमुख धम्मवती गुरूमांको सभापतित्व एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा. डा. त्रिरत्न मानन्धरको प्रमुख आतिथ्यत्वमा पुरस्कार वितरण गरियो । लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य भिक्षु कोण्डन्यसमक्ष पंचशीलप्रार्थनापछि लु.बौ.वि.वि. का उपकुलपति डा. त्रिरत्न मानन्धरलाई गुरूमां धम्मवतीले धर्मानुकुल कदर गर्नुभई उहाँको कार्यकाल सफलताका लागि शुभकामना प्रदान गर्नुभयो । यसवर्ष धर्मकीर्ति केन्द्रबाट कोविद अन्तिम वर्षमा उत्तीर्ण हुनेहरू अनागारिका त्यागवती र प्रेमलता तुलाधरलाई प्रत्येकमान-जगतशोभा स्मृति पुरस्कार प्रदान गरियो भने दुबैलाई धम्मवती गुरूमां तथा पंचवीर सिंह तुलाधरले जनही एक-एकहजार रूपियाँ प्रदान गर्नुभयो ।

सो पुरस्कार वितरण समारोहमा धम्मवती गुरूमां, उपकुलपति डा. त्रिरत्न मानन्धर, ने. बौ. प. शि. का केन्द्रीय सहपरीक्षा नियन्त्रक भिक्षु निग्रोध, अनागारिका चमेली, डा. सुमनकमल तुलाधरले परियत्ति शिक्षाको महत्व बारे बोल्नुभयो ।

## महापरित्राण तथा पुस्तक प्रकाशन




२६ आषाढ, काठमाडौं । पुरानो उपासक हिरालाल नकर्मी ९० वर्षमा प्रवेश गर्नुभएको उपलक्षमा उहाँको सुस्वास्थ्य कामना तथा सम्पूर्ण प्राणीलाई शान्ति होस् भनी आनन्द कुटी विहारमा श्रद्धेय भिक्षुसंघबाट महापरित्राण-पाठ गर्नुभयो । सम्पूर्ण भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई निमन्त्रणा गरिएको सो कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका सचिव तथा आनन्द कुटी विहारका सदस्य सचिव भिक्षु धर्ममूर्ति महास्थविरद्वारा लिखित एवं सम्पादित **जीवन यात्राको लागि आवश्यक ज्ञानहरु** पुस्तक वितरण गरियो । १९६ पृष्ठको पुस्तकमा २१ वटा लेखहरचना संग्रह गरिएको छ । उपासक हिरालाल नकर्मी भिक्षु धर्ममूर्ति महास्थविरका पिता हुनुहुन्छ ।

## बुद्धशिक्षा र शान्तिपाठ विमोचन




१ श्रावण, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघका पूर्व अध्यक्ष त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्व एवं प्रमुख आतिथ्यत्वमा एक धार्मिक समारोहबीच आनन्द भूमि बौद्ध मासिकका सम्पादक कोण्डन्यद्वारा लिखित एवं सम्पादित **बुद्धशिक्षा र शान्तिपाठ** नामक पुस्तक लोकार्पण गरिएको छ । बुद्धविहार भृकुटीमण्डपको धम्मागार-धम्महलमा आयोजित सो कार्यक्रममा पुस्तक लोकार्पण गर्दै आचार्य भिक्षु कुमार काश्यपले मुखले मात्र शान्ति स्थापना नहुने बताउँदै शान्ति स्थापनाका लागि सबै पक्षले त्यागभावनामा जोड दिनुपर्नेमा जोड दिनुभयो । प्रकाशित पुस्तकका

विषयवस्तुहरू समाजमा देखिएको विकृतिविसंगति अन्त्य गरी समानता र सामाजिक न्यायमा आधारित समाज निर्माणका लागि उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । साथै उहाँले पुस्तकका दाता रूद्र बहादुर उपासकलाई साधुवाद व्यक्त गर्नुभयो ।

लेखक कोण्डन्यले पुस्तकका बारेमा प्रकाश पार्नुभयो । पुस्तक प्रकाशक-दाताको अनुरोधअनुसार बौद्ध युवा कमिटी, ललितपुरका सचिव एवं नेपाल समाचार-पत्र, राष्ट्रिय दैनिकका पत्रकार सुनिल महर्जनले स्वागत, धन्यवाद एवं कार्यक्रम संचालन गर्नुभयो । जम्मा १७६ पृष्ठको विविध आयामिक विषयवस्तु संगालिएको सो पुस्तक चस्वाँद्व-बन्जाहिटी, काठमाडौंका उपासक श्री रूद्र बहादुर खड्गी परिवारले धर्मदानस्वरूप प्रकाशन गर्नुभएको हो । दाता परिवारले कार्यक्रममा पुस्तक वितरण तथा जलपानको समेत व्यवस्था गर्नुभयो ।

## थारू समाज सम्बन्धी पुस्तक प्रकाशित




श्रावण १, ललितपुर । नेपाली आदिवासी थारू समुदायको धर्म, संस्कृति, परम्परा र दर्शनले एसियामा पारेको प्रभावबारे सुबोधकुमार सिंहद्वारा लिखित 'कम्युनिटी द्याट चेन्ज्ड एसिया' पुस्तक बजारमा आएको छ ।

विशेषतः बौद्धधर्म र दर्शनसँगै एसियाका विभिन्न देशमा विस्तारित भएको यस समुदायको संस्कृति र इतिहास समेटिएको उक्त पुस्तक लुम्बिनी विकास कोषका पूर्वउपाध्यक्ष केशवमान शाक्यले कुपण्डोलमा सार्वजनिक गरे ।

'कम्युनिटी द्याट चेन्ज्ड एसिया' मा थारू समुदायले एसियाको धर्म, संस्कृति र दर्शनमा पारेको प्रभावका साथै नेपाल र भारतीय उपमहाद्वीपमा प्राचीनकालदेखि शासन गर्दै आएका महत्वपूर्ण राजकीय वंशजबारे पनि वर्णन गरिएको छ ।

मोहेन्जो-डारो हरप्पा (इन्डस भ्याली) सभ्यतामा कपिलवस्तुको इतिहास र त्यसको निरन्तरता, थारू समुदायको भगवान् राम, शाक्यमुनि बुद्ध, जनक र विभिन्न प्राचीन राजासँग रहेको सम्बन्ध, थारू र बर्मेली संस्कृतिमा रहेको समानताका साथै कसरी कपिलवस्तुको सभ्यता एसियाभर फैलियो भनेर लेखक सिंहले किताबमा 'ऐतिहासिक' प्रमाणका साथ उल्लेख गरेका छन् ।

अमेरिकी दूतावासमा राजनीति तथा श्रममामिला विशेषज्ञका रूपमा कार्यरत सिंहले आफूलाई किताब लेख्न झन्डै तीन वर्ष लागेको बताए । लेखक सिंहद्वारा नै लिखित थारू समुदायको इतिहासबारे अनुसन्धानात्मक किताबहरू 'द ग्रेट सन्स अफ द थारू' र 'द रिटर्न अफ द मौर्याज' प्रकाशित भइसकेका छन् । बबिता सिंहद्वारा प्रकाशित 'कम्युनिटी द्याट चेन्ज्ड एसिया' को मूल्य दुई सय रुपैयाँ छ ।

## युवक बौद्ध मण्डलको गतिविधि

१ श्रावण, ललितपुर । युवक बौद्ध मण्डल, नेपालको शनिवारीय कार्यक्रम उपसमितिको आयोजनामा प्रत्येक शनिवार धर्मदेशना, बुद्धपूजा तथा एकदिने ध्यानशिविर आयोजना गरिंदै आएअनुरूप कार्यक्रम सम्पन्न भएको छ । गत आषाढको दुतीय शनिवारका दिन लोक बहादुर शाक्यले धर्मनिरपेक्ष राज्यको विषयमा प्रवचन गर्नुभयो । यसरी नै तेश्रो र चौथो शनिवारका महेन्द्ररत्न शाक्यले बौद्ध कला विषयमा प्रवचन गर्नुभयो । संस्थाका अध्यक्ष हेरारत्न शाक्यको सभापतित्व तथा शनिवारीय धर्मदेशना उपसमितिका संयोजक राजेश शाक्यको संयोजकत्वमा कार्यक्रम संचालन भइरहेको छ । यसरी नै उप-प्रचार सचिव एवं विपश्यना ध्यान उपसमितिका संयोजक भाइराजा शाक्यको संयोजकत्वमा सहायक आचार्य धर्ममान नेवाद्वारा संचालित ध्यान शिविरमा २८ जना साधकसाधिकाहरू सहभागी भए ।

## सुदर्शन महास्थविरको गुणानुस्मरण

६ श्रावण, कीर्तिपुर । दिवंगत अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तित्व भिक्षु सुदर्शन महास्थविरको ८ औं पुण्यस्मृति दिवस एक धार्मिक समारोहबीच सम्पन्न



भएको छ । सिरिकित्ति बौद्ध संघ, नगरमण्डप सिरिकित्ति विहार कीर्तिपुरको आयोजनामा सम्पन्न सो कार्यक्रममा भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई भोजनको व्यवस्था गरिएको थियो । स्मरण रहोस् भिक्षु सुदर्शन महास्थविर ५ श्रावण, २०५९ का दिन दिवंगत हुनुभएको थियो ।

## अनागारिका धम्मवती ७७ वर्षमा प्रवेश



५ श्रावण । धर्मकीर्ति विहारका संस्थापिका प्रमुख अनागारिका धम्मवती ७७ वर्षमा प्रवेश गर्नुभएको छ । नेपालको बुद्धशासनिक क्षेत्रमा विशेष योगदान गर्नेमध्ये एक महत्वपूर्ण व्यक्तित्व मानिनुहुने धम्मवती गुरुमां, योम्ह म्ह्यायुको रूपमा सुपरिचित अनागारिका धम्मवतीको सुस्वास्थ्य, दीर्घायू एवं बुद्धशासनिक क्षेत्रमा उत्तरोत्तर अभिवृद्धि गर्ने क्षमता प्राप्त हुँदै निरन्तररूपमा छाइरहन सकून् भन्ने शुभकामनासहित धर्मकीर्ति विहारको आयोजनामा ५ गतेदेखि ११गतेसम्म सप्ताहव्यापी रूपमा भिक्षु-संघबाट धर्म-उपदेशसहित अभिधर्म पाठ गरिएको छ । साथै १२ गते वज्रयान तथा महायानी परम्पराअनुसार विशेष धार्मिक पूजापाठ गरी धम्मवती गुरुमांलाई शुभकामना अर्पण गरिने कार्यक्रम रहेको छ ।

## आनन्दकुटीमा उपसम्पदा

७ श्रावण । अखिल नेपाल भिक्षु महासंघका पूर्व अध्यक्ष त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरको उपाध्यायत्वमा बुद्धविहारका श्रामणेर वजिरञाणलाई आनन्द कुटी विहारको भिक्षु-सीमागृहमा उपसम्पदादीक्षा प्रदान गरियो । बुद्धविहारको संरक्षण तथा भिक्षु कोण्डन्यको रेखदेखमा उपसम्पन्न हुनुभएका भिक्षु वजिरञाणलाई म्याग्दी बौद्ध संघले उपसम्पदा-दाताको अभिभार वहन गर्न याम शाक्यको नेतृत्वमा दाताहरू काठमाडौं आउनुभएको थियो । यसरी नै आनन्द कुटी विहारका उपासक मचाम महर्जनले तीन महिना उपसम्पन्न भिक्षु भई धार्मिक-जीवन अपनाउन श्रद्धा व्यक्त गर्नुभएअनुरूप भिक्षु सुभद्रको नाउँबाट उपसम्पदादीक्षा प्रदान गरिएको छ । ♦




# मैत्रीपूर्ण शुभकामना !

**आनन्दकुटी विहारका प्रमुख अग्गमहासद्धम्मजोतिकधज त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर ८४ औं वर्षमा प्रवेश गर्नुभएको उपलक्ष्यमा उहाँको सुखशान्ति, सुस्वास्थ्य, दीर्घायु एवं बुद्धशासनिक क्षेत्रमा अझ बढी योगदान पुऱ्याउन सकून् भनी मैत्रीपूर्ण शुभकामना !**

**आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोष**

बुद्ध विहार, भृकुटीमण्डप, काठमाडौं

अनुशासन र नैतिकता विहीन ब्यक्ति पशुभन्दा पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक आयामहरूमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैबाट त्यसको शुरुवात गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
**सूचना विभाग**